# संघीय संसद
# राष्ट्रिय सभा

## राष्ट्रिय सरोकार तथा समन्वय समिति
## तहगत अन्तरसम्बन्ध र समन्वय विषयक अध्ययन प्रतिवेदन, २०८०



राष्ट्रिय सरोकार तथा समन्वय समितिको सचिवालय
संघीय संसद सचिवालय
सिंहदरवार, काठमाडौ
२०८०

# संघीय संसद
# राष्ट्रिय सभा
## राष्ट्रिय सरोकार तथा समन्वय समिति
## तहगत अन्तरसम्बन्ध र समन्वय विषयक अध्ययन प्रतिवेदन, २०८०

राष्ट्रिय सरोकार तथा समन्वय समितिको सचिवालय
संघीय संसद सचिवालय
सिंहदरवार, काठमाडौं
२०८०
फोन नं. ०१-४२००३७१
**URL:http://www.parliament.gov.np**
**Email:nationalconcern@parliament**

# राष्ट्रिय सरोकार तथा समन्वय समिति



दिल कुमारी रावल थापा (पार्वती )
मानननीय सभापति



मा. सदस्य इन्दिरा देवी गौतम



मा. सदस्य इन्दु कडरीया



मा. सदस्य कुमार दसौदी



मा. सदस्य गोपी बहादुर सार्की आछामी



मा. सदस्य जगत बहादुर पार्की



मा. सदस्य दिपा गुरुङ



मा. सदस्य दुर्गा गुरुङ्ग



मा. सदस्य राजेन्द्र लक्ष्मी गैरे



मा. सदस्य रामचन्द्र राई



मा. सदस्य शेखर कुमार सिंह



मा. सदस्य सोनाम गेल्जेन शेर्पा

सम्माननीय अध्यक्ष महोदय,

सरकारलाई राष्ट्रिय सभाप्रति उत्तरदायी र जवाफदेही बनाउन सरकारबाट भए गरेका काम कारवाहीको अनुगमन र मूल्यांकन गरी आवश्यक निर्देशन राय सल्लाह दिन राष्ट्रिय सभा नियमावली, २०७५ को नियम १४७ उपनियम (१) को व्यवस्था बमोजिम राष्ट्रिय सभा अन्तर्गत रहेका चार विषयगत समितिमध्ये राष्ट्रिय सरोकार तथा समन्वय समिति एक महत्वपूर्ण समिति हो।

राष्ट्रिय सभा नियमावलीले तहगत राज्य संरचनाको विकासमा समन्वय, राष्ट्रिय सम्पदा मानवअधिकार तथा परराष्ट्र सम्बन्ध सन्धि-सम्झौता कार्यान्वयनको अवस्था, समन्यायिक विकासको अवस्था, पिछडिएको क्षेत्र, समुदाय, संस्कृति, राष्ट्रिय गौरवका आयोजना, राष्ट्रिय सुरक्षा र संवैधानिक आयोग सम्बन्धी विषय यस समितिको कार्यक्षेत्रमा समेटेको छ। नियमावलीको उक्त व्यवस्थाका आधारमा सरकारका काम कारवाहीमाथि निगरानी, अनुगमन, मूल्यांकन गरी सुझाव सिफारिस तथा निर्देशन गर्ने मुख्य जिम्मेवारी यसै समितिको देखिन्छ।

सम्माननीय अध्यक्ष महोदय,

राष्ट्रिय सभा नियमावली, २०७५ को नियम १५९ उपनियम (१) को व्यवस्था बमोजिम आज म राष्ट्रिय सरोकार तथा समन्वय समितिको कार्यक्षेत्र अन्तर्गत रहेको तहगत राज्य संरचनाको विकासमा समन्वयको सम्बन्धमा संघ, प्रदेश र स्थानीय तहलाई संविधान र प्रचलित कानूनबमोजिम प्राप्त अधिकारको प्रयोग र संघीय शासन प्रणाली कार्यान्वयनको अवस्था र यसको सवलीकरणका लागि गर्नुपर्ने सुधारको सम्बन्धमा समितिले यसै आर्थिक वर्षमा सातवटै प्रदेशमा सञ्चालन गरेका तहगत अन्तरसम्बन्ध र समन्वय विषयक छलफल तथा अन्तर्क्रिया कार्यक्रम र ती कार्यक्रममा उठान भएका विषय र सुझावहरू यस सम्मानित सभामा पेश गर्न उपस्थित भएको छु । समितिका विभिन्न बैठकमा सरोकारवाला निकायसंगको छलफलमा उठान भएका विषयहरूको आधारमा तहगत अन्तरसम्बन्ध र समन्वय विषयक प्रतिवेदन तयार गरेको र सोको संक्षिप्त विवरण यस सम्मानित सभामा जानकारी गराउन चाहान्छु ।

यस समितिले विगतका वर्षहरूमा जस्तै यस वर्ष पनि आफ्नो कार्यक्षेत्रको विषयमा निरन्तर छलफल, निगरानी तथा निर्देशन दिनुका साथै आम नागरिकको चासो र सरोकारका विषयमा समेत निरन्तर खबरदारी गरिरह्यो । समितिको कार्यक्षेत्रअन्तर्गत रहेको तहगत राज्य संरचनाको विकासमा समन्वयका सम्बन्धमा प्रादेशिक तहमा देशभरका सातवटै प्रदेशका राजधानीलाई आधार मानी प्रदेश र स्थानीय तहका जनप्रतिनिधि तथा सरोकारवालाहरूसँग प्रत्येक प्रदेशमा १-१ वटा अन्तर्क्रियात्मक

कार्यक्रम सम्पन्न गरिएको थियो। कार्यक्रमहरूमा राष्ट्रिय सभाका सम्माननीय अध्यक्ष, माननीय उपाध्यक्ष, संघीय संसदका माननीय सदस्यहरू, प्रदेश सरकारका माननीय मुख्यमन्त्री, प्रदेश सभाका माननीय सभामुखहरू, माननीय उपसभामुखहरू, समितिका सभापतिहरू, प्रदेश सभाका माननीय सदस्यहरू, प्रदेश नीति तथा योजना आयोगका उपाध्यक्ष एवं प्रतिनिधि, पालिका प्रमुख, उपप्रमुख, नेपाल नगरपालिका संघ, गाउँपालिका राष्ट्रिय महासंघ एवं जनप्रतिनिधिहरू, संघीय संसद र प्रदेश सभाका विभिन्न समितिका सचिवहरू तथा अन्य कर्मचारीहरू विषय विज्ञ, नागरिक समाज, आम सञ्चार तथा सरोकारवालाको उपस्थिति रहेको थियो।

प्रत्येक कार्यक्रममा तीन तहको समन्वयका लागि राष्ट्रिय सभा र समितिको भूमिका एवं हालसम्मका प्रयास, व्यवस्थापिका र प्रदेश-स्थानीय तहबीचको समन्वय तथा अन्तरसम्बन्ध र अन्तर समन्वय ऐन २०७७ का विषयमा कार्यपत्रहरू प्रस्तुत गरिएका थिए ।

राष्ट्रिय सभाका सम्माननीय अध्यक्ष, माननीय उपाध्यक्ष, माननीय मुख्यमन्त्री, प्रदेश सभाका माननीय सभामुख, माननीय उपसभामुखज्यूहरू लगायतबाट प्राप्त सुझाव समेतलाई यस प्रतिवेदनमा समेटिएको छ। कार्यक्रममा सहभागी स्थानीय तह, प्रदेश तह र नेपाल सरकार तथा संघीय संसदका लागि सुझावहरू संकलन गर्ने गरी प्रश्न तयार पारिएको थियो। प्राप्त सुझाव संघीय व्यवस्थाको प्रभावकारिता र सबलीकरणका लागि केही नयाँ कानून निर्माण, कानून संशोधन तथा संविधानकै केही प्रावधानमा संशोधन गर्नुपर्ने र हालको संवैधानिक र कानूनी व्यवस्थाको प्रभावकारी कार्यान्वयन गर्नुपर्ने प्रकृतिका सुझावहरु रहेका छन् ।

आ.व. २०८०/०८१ मा समितिले सातवटा प्रदेशमा सञ्चालन गरेको अन्तरक्रियात्मक कार्यक्रम र सो कार्यक्रमबाट प्राप्त जानकारी एवं सुझाव, समिति अन्तर्गत गठित राज्यको तहगत संरचनाको विकासमा समन्वय तथा संवैधानिक आयोगसम्बन्धी बिषय अध्ययन उपसमितिको छलफल तथा निर्णयहरू, संघीयता कार्यान्वयन अध्ययन तथा अनुगमन संसदीय विशेष समिति, २०७९ को प्रतिवेदनले दिएको सुझाव लगायत तहगत राज्य संरचनाको विकासमा समन्वयका सम्बन्धमा प्राप्त उपलब्धिहरू, कार्यक्षेत्रमा देखिएका समस्याहरू, समस्या सामाधानका निम्ति समितिले निकालेका निष्कर्षहरू, सो अवधिमा समितिले हासिल गरेका अनुभवहरू समेत समेटेर राष्ट्रिय सरोकार तथा समन्वय समितिको तहगत अन्तरसम्बन्ध र समन्वय विषयक प्रादेशिक अन्तरक्रिया कार्यक्रमको यो अध्ययन प्रतिवेदन तयार पारिएको छ।

संघीय शासन प्रणाली कार्यान्वयनका लागि तहगत अन्तरसम्बन्ध र समन्वय गर्न संविधानले परिकल्पना गरेको संरचना (अन्तर-प्रदेश परिषद) र संघ, प्रदेश तथा स्थानीय तह (अन्तरसम्बन्ध तथा समन्वय) ऐन, २०७७ ले व्यवस्था गरेका संरचनाहरू (राष्ट्रिय समन्वय परिषद, प्रदेश समन्वय परिषद, विषयगत समितिहरू र विशेष समिति) को गठन तथा परिचालन प्रभावकारी रूपमा हुन नसकेको, योजना तर्जुमा र कार्यान्वयन गर्ने सम्बन्धमा द्विविधा भएको, एकल अधिकारका सम्बन्धमा समेत दोहोरो, तेहेरो पर्न गएको, साझा अधिकारको विषय र एकल अधिकार सूचीका विषयमा कानून तर्जुमा गर्दा एक अर्कालाई असर पर्ने विषयमा तीनवटै तहबीच पर्याप्त परामर्श र छलफलको अभाव रहेको, विकास आयोजना निर्माणमा तीन तहबीच आवश्यक समन्वय हुन नसकेको, विकासका कार्यहरू संयुक्त रुपमा हुन नसकेको, सशर्त अनुदान लक्ष्य र कार्यक्रम तोकेर पठाउनु पर्नेमा शीर्षक मात्र तोकेर पठाउदा प्रादेशिक एवं स्थानीय आवश्यकताभन्दा केन्द्रको शीर्षक अनुसार कार्यान्वयन गर्नुपर्ने बाध्यात्मक अवस्था रहेको, संघ, प्रदेश र स्थानीय तहका आयोजनामा स्थानीय जनसहभागिताको मापदण्ड फरक-फरक रहेको हुँदा समान प्रकृतिको आयोजनाहरू एकीकृत रुपमा कार्यान्वयन गर्न समस्या हुने गरेको, कर्मचारी समायोजन सम्बन्धमा देखिएको समस्या हालसम्म समाधान नभएको, जसका कारण करिब २०० पालिकामा निमित्त प्रशासकिय प्रमुखको भरमा कार्यसम्पादन भईरहेको, साझा विकासका परियोजना अभ्यासको थालनी नभएको, आयोजनाहरूमा दोहोरो/तेहेरोपन हुने गरेको, सिमानाका नदीहरूबाट प्राप्त श्रोतको उपयोगमा विवाद आउने गरेको, सामुदायिक वन र नदी तथा खनिजजन्य वस्तुहरूको प्रयोगका सम्बन्धमा विवाद हुने गरेको कुरा संघीयता कार्यान्वयनमा देखा परेका साझा समस्याका रूपमा रहेका छन् ।

संघीयता शासन प्रणालीलाई सबल बनाउँदै तीन तहबीचको समन्वय र अन्तरसम्बन्धलाई मजबुद बनाउन संविधानले परिकल्पना गरेको संरचना (अन्तर-प्रदेश परिषद) र संघ, प्रदेश तथा स्थानीय तह (अन्तरसम्बन्ध तथा समन्वय) ऐन, २०७७ ले व्यवस्था गरेका संरचनाहरू (राष्ट्रिय समन्वय परिषद, प्रदेश समन्वय परिषद, विषयगत समितिहरू र विशेष समिति) को गठन तथा प्रभावकारी परिचालन, साझा अधिकारको सूचिमा परेको विषयमा कानून बनाई कार्यान्वयन गर्न, राष्ट्रिय महत्वका, जटिल प्राविधिक क्षमता भएका र ठूलो लगानी आवश्यक पर्ने आयोजना संघले गर्ने, प्रादेशिक महत्वका र मध्यम खालका आयोजना प्रदेशले सञ्चालन गर्ने र पालिकास्तरीय कार्यक्रमहरू पालिकाले नै गर्ने गरी व्यवस्था मिलाउन आवश्यक छ । राष्ट्रिय प्रकृतिक स्रोत तथा वित्त आयोग र स्थानीय तहबीच समन्वय गरी प्राकृतिक स्रोतको न्याययोचित वितरण गर्न वित्त सम्बन्धी सूत्रको

अभ्यास गरेको ५ वर्ष पुगिसकेकाले यस सूत्रलाई पुनरावलोकन गर्नुपर्ने, संघीय निजामती सेवा ऐन तत्काल जारी गर्नुपर्ने, सिमानाका नदीहरूबाट प्राप्त श्रोतको उपयोगमा आउने गरेका विवाद, सामुदायिक वन, खनिज तथा नदीजन्य वस्तुहरूको प्रयोगका सम्बन्धमा हुने गरेका विवादलाई सम्बोधन गर्न प्राकृतिक स्रोतसम्बन्धी एकीकृत कानून तत्काल बनाउनुपर्ने देखिन्छ। आयोगले वित्तीय हस्तान्तरणको सुत्र Secondary Data मा आधारित भई तयार गर्ने हुनाले अन्तरसरकारी वित्तीय हस्तान्तरणलाई समन्यायीक, वस्तुगत र यथार्थपरक बनाउन स्थानीय तहसम्मको खण्डीकृत, स्तरीकृत र अद्यावधीक तथ्याङ्क उपलब्ध गर्ने प्रणालीको विकास गर्नुपर्ने देखिन्छ। मिति २०८० साल माघ २३ गते बसेको समितिको २२६औं बैठकले सो सम्बन्धमा प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय र सम्बन्धित निकायलाई आवश्यक निर्देशन समेत दिइसकेको छ।

अन्त्यमा ,सबै प्रदेशमा तहगत अन्तर सम्बन्ध र समन्वय विषयक प्रादेशिक अन्तरक्रिया कार्यक्रम सञ्चालन, अध्ययन, अन्तरक्रिया र प्रतिवेदन तयारीको क्रममा समितिलाई आफ्ना अमुल्य सल्लाह, सुझाव र मार्गदर्शन एवम् अभिभावकत्व प्रदान गर्नुहुने राष्ट्रिय सभाका सम्माननीय अध्यक्षज्यू र माननीय उपाध्यक्षज्यूप्रति म हार्दिक आभार व्यक्त गर्दछु । समितिका बैठक तथा अन्तर्क्रिया कार्यक्रममा सहभागि भई महत्वपुर्ण सुझाव दिई समितिको काम कारवाहीमा सहयोग गर्नुहुने नेपाल सरकारका माननीय मन्त्रीज्यू, प्रदेश सरकारका माननीय मुख्यमन्त्रीज्यू, राष्ट्रिय सभाका माननीय सदस्यहरु, प्रदेश सभाका माननीय सभामुखहरु तथा उपसभामुखहरु, प्रदेश सभाका माननीय सदस्यहरु, प्रदेश नीति तथा योजना आयोगका उपाध्यक्ष एवं प्रतिनिधिहरु, मन्त्रालयका सचिव, पालिकाका प्रमुख, उपप्रमुखहरु, अध्यक्ष, उपाध्यक्षहरु प्रदेश सभाका सचिवहरु तथा अन्य सार्वजनिक निकायका पदाधिकारीहरुप्रति हार्दिक आभार व्यक्त गर्दछु।

समितिको काममा समन्वयात्मक सहयोग पुऱ्याउनु हुने संघीय संसद्का महासचिव, राष्ट्रिय सभाका सचिव, सचिवालय सचिव, समिति सचिव एवं समिति सचिवालयमा कार्यरत कर्मचारीहरु, समितिको कार्यलाई प्रत्यक्ष र परोक्ष रुपमा महत्वपूर्ण सहयोग पुयाउनु हुने सम्बन्धित क्षेत्रका विषय विज्ञ, जनसंख्या तथा विकासका लागि सांसदहरुको राष्ट्रिय मञ्चका पदाधिकारी तथा कर्मचारीहरु , सुरक्षाकर्मी, विभिन्न संचार माध्यमका पत्रकार लगायत यस समितिलाई सहयोग गर्नुहुने सबैप्रति आभार सहित हार्दिक धन्यवाद ज्ञापन गर्दै यो प्रतिवेदन राज्यको तहगत संरचनाको विकासमा तीनै तहको सरकारले संवैधानिक व्यवस्था अनुसार सहकारीता, सहअस्तित्व र समन्वयको सिद्धान्तलाई

अंगिकार गर्दै आवश्यक नीतिगत, व्यवस्थापकीय र व्यवहारगत सुधार गरी संघीय शासन प्रणाली सबलीकरण तर्फ अगाडि बढ्न कोशेढुङ्गा सावित हुनेछ भन्ने विश्वास व्यक्त गर्दछु।

सम्माननीय अध्यक्ष महोदय,
सम्माननीय अध्यक्ष महोदयको अनुमतिले मिति २०८० साल फागुन ३ गतेको समितिको २२८ औं बैठकबाट पारित राष्ट्रिय सरोकार तथा समन्वय समितिको तहगत अन्तरसम्बन्ध र समन्वय विषयक अध्ययन प्रतिवेदन, २०८० राष्ट्रिय सभा नियमावली २०७५ को नियम १५९ उपनियम (१) को व्यवस्था बमोजिम यस सम्मानीत सभा समक्ष पेश गर्दछु। धन्यबाद।

६ फागुन, २०८०

(दिलकुमारी रावल थापा 'पार्वती')
सभापति
राष्ट्रिय सरोकार तथा समन्वय समिति

विषयसूची

परिच्छेद-१

परिचय

१.१. पृष्ठभूमी १

१.२.प्रदेशस्तरमा सञ्चालन गरिएका कार्यक्रमको उद्देश्य २

१.३ अन्तरक्रिया कार्यक्रम तथा अध्ययन विधि ३

१.४ कार्यक्रमको सीमा ३

१.५ प्रतिवेदनको ढाँचा ३

परिच्छेद-२

तहगत अन्तरसम्बन्ध, समन्वय र अन्तरक्रिया कार्यक्रम

२.१ विषय प्रवेश ५

२.२ नेपालमा संघीयता ६

२.३ तहगत अन्तरसम्वन्ध र समन्वय ७

२.३.१ तहगत अन्तर सम्बन्धमा हालसम्म प्राप्त मुख्य उपलव्धिहरु ९

२.४ समितिद्वारा सञ्चालित प्रादेशिक अन्तरक्रिया कार्यक्रम १०

२.४.१ कार्यक्रमको उपस्थिती विवरण ११

२.४.२ कार्यपत्र प्रस्तुतीकरण ११

२.४.३ समुह छलफलबाट प्राप्त सुझावको सारांश १२

परिच्छेद -३

तहगत अन्तर सम्बन्ध र समन्वय सम्बन्धी समस्या

३.१ समस्या २१

परिच्छेद-४

निष्कर्ष तथा सुझावहरु


| | |
|---|---|
| ४.१ निष्कर्ष | २४ |
| ४.२ नेपाल सरकारको लागि सुझाव | २५ |
| ४.२.१ संस्थागत संरचनाको प्रभावकारिता | २५ |
| ४.२.२ कानून तर्जुमा | २६ |
| ४.२.३ वित्तीय संघीयता | २७ |
| ४.२.४ योजना तर्जुमा र आयोजना निर्माण तथा कार्यान्वयन | २८ |
| ४.२.५ प्रशासन सुधार | २९ |
| ४.२.६ अन्य सुझावहरु | २९ |
| ४.३ प्रदेश सरकारको लागि सुझाव | ३० |
| ४.४ स्थानीय तहको लागि सुझाव | ३१ |
| अनुसुची -१ प्रदेशस्तरमा सञ्चालन गरिएका कार्यक्रमको विवरण | |
| अनुसुची -२ प्रदेशस्तरमा सञ्चालन गरिएका कार्यक्रमको प्रतिवेदन | |

# परिच्छेद-१

# परिचय

## १.१. पृष्ठभूमी

नेपालको संविधानले संघ, प्रदेश र स्थानीय तह गरी तीन तहको संरचनागत व्यवस्थासहित हरेक तहलाई शासकीय अधिकार प्रदान गरी संघीय शासन प्रणाली अवलम्बन गरेको छ। संघीय इकाई बीचको अन्तर सम्बन्धलाई सवलीकरण गरी गुणस्तरीय सार्वजनिक सेवा प्रवाह सुनिश्चित गर्न संविधानले नै विभिन्न संवैधानिक संयन्त्रको व्यवस्था गरी संघीय कानुन बमोजिम मुर्तरुप समेत प्रदान गरिएको छ ।

नेपालको सन्दर्भमा संघीयता कार्यान्वयनमा देखिएका कानुनी, प्रशासनिक र सार्वनजनिक सेवा प्रवाह सम्बन्धी जटिलतालाई व्यवस्थापन गर्न नीतिगत, कानुनगत, संरचनागत व्यवस्था भई कार्यान्वयनको क्रममा रहेको छ ।संविधानले संघीय इकाईहरुबीच समन्वय, सहकार्य र सहअस्तित्वको सिद्धान्तका आधारमा राज्य प्रणाली सञ्चालन हुनुपर्ने व्यवस्था गरेको छ। तीन तहवीच आउन सक्ने राजनीतिक विवाद सम्बोधन गर्न संविधानले एक अन्तर-प्रदेश परिषदको व्यवस्था गरेको छ भने संवैधानिक तथा कानूनी विवाद समाधान गर्न सर्वोच्च अदालत अन्तर्गत संवैधानिक इजलासको ब्यवस्था गरिएको छ।

नेपालको संविधानको धारा २३५ मा संघ, प्रदेश र स्थानीय तहबिच समन्वय कायम गर्न संघीय संसदले कानून बनाउनेछ भन्ने व्यवस्था अन्तर्गत रही संघीय संसदबाट मिति २०७७ श्रावण १३ मा संघ, प्रदेश र स्थानीय तह (अन्तरसम्बन्ध तथा समन्वय) ऐन, २०७७ जारी भई कार्यान्वयनमा समेत आएको छ। संघ, प्रदेश र स्थानीय तहबीचको अन्तरसम्बन्धलाई प्रगाढ बनाई संघीयताको प्रभावकारी रुपमा कार्यान्वयन गर्न संघमा प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, प्रदेशमा मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयले महत्वपूर्ण भूमिका निर्वाह गरी अन्तर तहगत सम्बन्धी विषयमा पारस्परिक समन्वय, सहयोग र सहजीकरण गर्ने कार्य भइरहेको छ । हालै प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयले कार्यविस्तृतिकरण परिमार्जनको लागि समिति गठन गरी कार्य भइरहेको छ। त्यसैगरी संघ, प्रदेश र स्थानीय तहबीच साझा अधिकारको विषयमा कानुन नीति तर्जुमा गर्न, अन्तर प्रदेश स्तरमा सञ्चालित विकास आयोजना सञ्चालन र कार्यान्वयन सम्बन्धमा समन्वय गर्न गठित राष्ट्रिय समन्वय परिषदको बैठक मिति २०८० आषाढ १६ र २०८० माघ २६ गते सम्पन्न भई तहगत राज्य संरचनाबीच समन्वय कायम गर्न सम्पन्न गर्नुपर्ने बाँकी कार्यहरु समेतको पहिचान भएको थियो ।

संघ, प्रदेश र स्थानीय तहबीच अन्तरसम्बन्ध कायम गर्न संघीय संसदले समेत जिम्मेवारी निर्वाह गर्नुपर्ने आवश्यकता महसुस गरी राष्ट्रिय सभा अन्तर्गत संघीयता कार्यान्वयन अध्ययन तथा अनुगमन संसदीय विशेष समिति गठन गरी तहगत राज्य संरचनाबीच समन्वय कायम गर्न ९९ बुँदे सुझाव सहितको प्रतिवेदन  पेश भएको थियो। उक्त संसदीय विशेष समितिले सिफारीस गरेका सुझावहरु कार्यान्वयनका लागि निरन्तर Follow up को  जिम्मेवारी यस समितिलाई रहेको छ। साथै यस समितिको कार्यक्षेत्र अन्तर्गत राज्यको तहगत संरचनाको विकासमा समन्वय  विषय रहेकोले तहगत सरकारबीचको अन्तरसम्बन्धमा देखिएको समस्या /चुनौती  सम्भावना सम्बन्धमा ७ वटै  प्रदेशमा मुख्यमन्त्री, प्रदेश सभाका माननीय सदस्य, स्थानीय तहका जनप्रतिनिधि र सरोकारवाला नियकायका प्रतिनिधिको सहभागितामा कार्यशाला गोष्ठी सञ्चालन भएको थियो । उक्त गोष्ठीमा सहभागीहरुबीच भएको अन्तरक्रिया र छलफलबाट प्राप्त सुझावहरुको आधारमा तीन तहबीचको अन्तरसम्बन्ध, समन्वय र सहकार्यका सम्बन्धमा उपलब्ध भएका प्रगतीहरु, हालसम्म देखा परेका समस्या र उक्त समस्या सम्बोधन गर्न संघ, प्रदेश र स्थानीय तहले अपनाउनु पर्ने रणनीति समेटी यो प्रतिवेदन तयार गरिएको छ ।

## १.२. प्रदेशस्तरमा सञ्चालन गरिएका कार्यक्रमको उद्देश्य

कार्यक्रमको मुख्य उद्देश्य संघ, प्रदेश र स्थानीय तहबीचको अन्तरसम्बन्ध, समन्वय र सहकार्यको सम्बन्धमा देखा परेका ब्यवहारिक समस्या र उक्त समस्या सम्बोधनका लागि तत्, तत् तहले खेल्नुपर्ने भूमिका पहिचान गरी सम्बन्धित निकायलाई आवश्यक सुझाव तथा निर्देशन दिनु रहेको थियो भने बुँदागतरुपमा उक्त कार्यक्रमका उद्देश्यहरु निम्न बमोजिम रहेका छन्ः-

क.संघ, प्रदेश र स्थानीय तह (अन्तर सम्बन्ध तथा समन्वय) ऐन, २०७७ कार्यान्वयनको अवस्थाको पहिचान गरी भावी कार्यदिशाको सम्बन्धमा नेपाल सरकारलाई आवश्यक राय परामर्श दिनु,

ख.तीन तहको समन्वयका लागि राष्ट्रिय सभाले निर्वाह गरेको दायित्व, सभाले हालसम्म खेलेका भूमिकाका बारेमा जानकारी गराउँदै प्रदेश सभा र स्थानीय तहका जन प्रतिनिधिहरुले राष्ट्रिय सभा सदस्यहरूसँग राखेको अपेक्षा पहिचान गर्दै उक्त अपेक्षा सम्बोधनका लागि आवश्यक कार्ययोजना तथा रणनीति तयार पार्न आधारको विकास गर्नु,

ग.शासन सवलीकरण तथा संघीयता कार्यान्वयनमा सहजीकरण गर्न योजना/आयोजना निर्माण, कानुन तर्जुमा, कर्मचारी व्यवस्थापन, बजेट विनियोजनमा देखिएका प्रमुख सवाल र तहगत समन्वयको अवस्थाको पहिचान गरी समस्या समाधानको लागि समितिद्वारा नेपाल सरकारलाई आवश्यक नीतिगत निर्देशन दिनु।

## १.३ अन्तरक्रिया कार्यक्रम तथा अध्ययन विधि

- प्रदेश र स्थानीय तहको व्यवस्थापिका र कार्यपालिका दुबैबाट प्रतिनिधित्व हुनेगरी तहगत अन्तर सम्बन्ध र समन्वयक विषयक प्रादेशिक अन्तरक्रिया कार्यक्रमको ढाँचा तयार गरिएको
- समितिको आयोजनाम सातवटै प्रदेशमा तहगत अन्तर सम्बन्ध र समन्वयक विषयक प्रादेशिक अन्तरक्रिया कार्यक्रम सञ्चालन गरिएको
- उक्त कार्यक्रममा सहभागीहरुलाई संघ, प्रदेश र स्थानीय तहको प्रतिनिधित्व हुनेगरी तीन समुहमा विभाजन गर्दै प्रत्येक समुहलाई (तहगत अन्तर सम्बन्ध र समन्वय) सम्बन्धी प्रश्नावली माथि सामुहिक छलफल गराई संघ, प्रदेश  र स्थानीय तहको समस्या पहिचान गरिएको
- अन्तरक्रिया कार्यक्रममा राष्ट्रिय सरोकार तथा समन्वय समितिले राष्ट्रिय सभा र प्रदेश विचको अन्तर सम्बन्ध र राष्ट्रिय सभाले संन्तुलित तहगत अन्तर सम्बन्ध कायम गर्न खेलेको महत्वपुर्ण भूमिका लगायतका महत्वपुर्ण विषयमा प्रदेश र स्थानीय तहका जनप्रतिनिधी कर्मचारी नागरिक समाजका प्रतिनिधिहरुलाई अभिमुखीकरण गरिएको ।
- समितिको बैठकमा सम्बन्धित मन्त्रालय तथा  निकायका पदाधिकारीहरुसँग छलफल गरिएको ।

## १.४ कार्यक्रमको सीमा

- राष्ट्रिय सरोकार तथा समन्वय समितिलाई आफ्नो कामकारवाही सञ्चालनको लागि प्राप्त बार्षिक बजेट रकम आवश्यकता भन्दा न्युन भएकोले बार्षिक कार्ययोजनामा उल्लेख गरे बमोजिम सातवटै प्रदेशमा तहगत अन्तर सम्बन्ध र समन्वय विषयक प्रादेशिक अन्तरक्रिया कार्यक्रममा जनसंख्या तथा विकासका लागि सांसदहरुको राष्ट्रिय मञ्चसँग सहकार्यमा  सञ्चालन गर्नु परेको,
- तहगत अन्तर सम्बन्ध र समन्वय विषयक प्रादेशिक अन्तरक्रिया कार्यक्रममा  सबै स्थानीय तहका प्रतिनिधिहरुलाई सहभागि गराउन नसकिएको
- सातवटै प्रदेशमा सञ्चालित तहगत अन्तर सम्बन्ध र समन्वयक विषयक प्रादेशिक अन्तरक्रिया कार्यक्रमको प्रतिवेदनलाई एकीकृत गरी यो प्रतिवेदन तयार गर्न विषय विज्ञको सहयोग लिई अध्ययन तथा संश्लेषण गर्न समय तथा बजेटको अभाव भएको
-

## १.५ प्रतिवेदनको ढाँचा

राष्ट्रिय सभा, राष्ट्रिय सरोकार तथा समन्वय समितिद्वारा आयोजित तहगत अन्तरसम्बन्ध र समन्वय विषयक प्रादेशिक अन्तरक्रिया कार्यक्रमको प्रतिवेदनलाई चार परिच्छेदमा विभाजन गरिएको  छ । पहिलो परिच्छेदमा परिचय अन्तर्गत अन्तरक्रिया कार्यक्रमको सञ्चालन तथा प्रतिवेदन तयारी लगायत

विषयको पृष्ठभुमि, कार्यक्रमको उद्देश्य, प्रादेशिक अन्तरक्रिया कार्यक्रम सञ्चालन गर्न अवलम्बन् गरिएको विधि, सीमा र प्रतिवेदनको संरचना लगायतका विषयहरु उल्लेख गरिएको छ । दोस्रो परिच्छेदमा विषय प्रवेश, नेपालमा संघीयता, तहगत अन्तर सम्बन्धमा प्राप्त उपलब्धि, समितिद्वारा सञ्चालित प्रादेशिक अन्तरक्रिया कार्यक्रम, प्रादेशिक अन्तरक्रिया कार्यक्रममा सहभागी, संघ, प्रदेश र स्थानीय तहका प्रतिनिधिहरुबाट प्राप्त सुझावहरुलाई जस्ताको तस्तै सामान्य भाषा मात्र परिमार्जन गरी सारांश विवरण प्रस्तुत गरिएको छ । परिच्छेद तीनमा तहगत अन्तर सम्बन्धमा देखिएका समस्या, अन्तिम परिच्छेद चारमा समस्या समाधान गर्न संघ, प्रदेश र स्थानीय तहले अवलम्बन गर्नुपर्ने संरचनागत, कानुनगत, वित्तीय, प्रशासनिक लगायतका विषय सम्बन्धी सुझावहरु उल्लेख गरिएको छ

# परिच्छेद-२

## तहगत अन्तरसम्बन्ध, समन्वय र अन्तरक्रिया कार्यक्रम

### २.१ विषय प्रवेश

मुलुक संघीयतामा गइसकेपछि राज्यका तीनै तहबीच अन्तर सम्बन्ध र समन्वयको अवस्था राम्रो भएमा मात्र संघीयता कार्यान्वयनमा सफलता प्राप्त हुन्छ । संघीयताको मुलभूत पक्ष भनेको संघ, प्रदेश, स्थानीय तह वा अन्य संघीय एकाईहरु बीच अधिकारको विभाजन हो। सन् १९४५ पछि विश्वभर Decolonization को लहर चल्यो[1]। आफ्ना नागरिकको स्वतन्त्रता र लोकतान्त्रिक लालसाको सम्मान गर्दै राजनीतिक शक्तिको बाँडफाँड गरेर राष्ट्रिय एकता कायम गर्ने माध्यमको रुपमा विस्तारै संघीयताको अवधारणालाई अबलम्बन गर्न थालेको पाइन्छ। विश्वमा संघीय शासनको स्वरुप र ढाँचा त्यहाँको आवश्यकता अथवा संघीय व्यवस्थामा जानुको उद्देश्य तथा भौगोलिक अवस्थिती, विकासको अवस्था तथा सामाजिक संरचना लगायतका आधारमा निर्धारण हुने गरेको पाइन्छ । शासन प्रणालीको विकासक्रमलाई हेर्दा सुरुमा संघीयताको विकास ससाना राज्यहरु मिली परिसंघ हुँदै आधुनिक संघीय स्वरुप निर्माण हुँदै आएको देखिन्छ ।

स्वीजरल्याण्ड स्वायत्तता र साँस्कृतिक विविधताको सँरक्षण र संवर्द्धन गर्ने उद्देश्यका साथ संघीयतामा अग्रसर भएको थियो। जर्मनी पनि ल्याण्डरहरुको स्वतन्त्र निर्णय र पारस्परिक संझौताद्धारा संघीय राज्य बनेको थियो। अँग्रेजहरुले एकिकृत गरिसकेका राज्यहरुलाई सामाजिक, सांस्कृतिक, भाषिक र भौगोलिक जस्ता विभिन्न आधारमा केन्द्रिकृत र एकिकृत भारतको पुनसंरचनाद्वारा संघीय राज्य बनाएको हो। दक्षिण अफ्रिकामा जातीवादको अन्त्य तथा स्थानीय विकासको मुख्य अभिभारा दिने उद्देश्यले नगरपालिकाहरुलाई संवैधानिक रुपमै स्थानीय सरकारको भूमिका दिएको पाइन्छ । तत्पश्चात दक्षिण अफ्रिकी संविधानमा राष्ट्रिय, प्रान्तीय र स्थानीय गरी ३ तहका अन्तरनिर्भर र अन्तरसम्बन्धित सरकारहरु रहने व्यवस्था भएको पाइन्छ। बोस्निया हर्जगोभिना डेटोन सम्झौता अन्तर्गत संघीयतामा गएको हो भने ईथोपिया, कंगो, इराक, श्रीलङ्का र नेपाल द्वन्द्वपछि संघीयतामा प्रवेश गरेका हुन्। विश्वमा संयुक्त राष्ट्र संघको सदस्य बनेका १९३ राष्ट्रहरुमध्ये हाल ३२ देशमा संघीय प्रणाली कार्यान्वयनमा रहेको पाइन्छ, जसमध्ये विश्वका दश ठूला देशमध्ये आठ वटा देशमा संघीय शासन प्रणाली कार्यान्वयनमा रहेको छ।

---

[11] https://history.state.gov/milestones/1945-1952/asia-and-africa

## २.२ नेपालमा संघीयता

२०७२ मा बनेको नेपालको संविधानसँगै नेपालको संघीय शासन प्रणालीले वैधता पायो। सात दशकदेखिको नेपाली जनताको सपनालाई सार्थक पार्न माओवादी द्वन्द्व, २०६२।६३ को जनआन्दोलन, २०६५ को मधेश आन्दोलन र थारु लगायतका आदिवासी तथा समुदायगत आन्दोलनहरुको परिणामस्वरुप २०७२ सालमा बनेको संविधानले यसलाई पूर्णता दियो । संविधान सभाको मिति २०६५ साल ज्येष्ठ १५ गतेको पहिलो पहिलो बैठकले नेपालको अन्तरिम संविधान, २०६३ को धारा १५९ को उपधारा (२) बमोजिम गणतन्त्र कार्यान्वयनको प्रस्ताव पारित गर्नुका साथै नेपाल संघीय लोकतान्त्रिक गणतन्त्रमा विधिवत परिणत भएको घोषणा गर्यो। यसको अपनत्व लिने काम भने २०७२ को संविधानले गरेको हो ।

नेपालको संविधान लागू भएपछि देश एकात्मक शासन व्यवस्थाबाट संघ, प्रदेश र स्थानीय तह गरी तीन तहको संघीय शासन व्यवस्थामा रुपान्तरण भएको छ। तीनै तहका अलग अलग एकल र साझा अधिकारहरू संवैधानिक रुपमा तोकिएका छन् भने संघमा अवशिष्ट अधिकार रहेको छ। संविधानको धारा ५७ राज्यशक्तिको बाँडफाँडसँग सम्वन्धित छ, जस अनुसार संघका ३५ वटा एकल अधिकार छन् । यसैगरी प्रदेश र स्थानीय तहका क्रमशः २१ र २२ वटा एकल अधिकार छन्। संघ र प्रदेशका साझा अधिकार २५ र तीनै तहका साझा अधिकारहरु १५ वटा छन् । त्यसैगरी कार्यजिम्मेवारी र राजश्व अधिकार सहित राज्यको शक्ति बाँडफाँडका सवालमा संविधानका धारा ५६ देखि ६० सम्मका धाराहरु महत्वपूर्ण मानिन्छन्। संविधानको धारा २३२ ले संघ, प्रदेश र स्थानीय तहको सम्वन्ध सहकारिता, सहअस्तित्व र समन्वयको सिद्धान्तका आधारमा हुने व्यवस्था उल्लेख गरेको छ ।

संविधानको विधिवत कार्यान्वयनका सन्दर्भमा पहिलोपटक तल्लो सदन प्रतिनिधि सभा र प्रदेश सभाको चुनाव २०७४ मङ्सिर १० र २१ गरी दुई चरणमा भएको थियो । राष्ट्रिय सभाको चुनाव २०७४ माघ २४ गते भएको थियो । पहिलो पटक संघीय सरकार २०७४ फागुन ३ मा गठन भएको थियो । यसैगरी पहिलोपटक प्रदेश सरकारहरु पनि फागुनको पहिलो साताभित्रै बनेका थिए । स्थानीय तहको चुनाव तीन चरणमा अर्थात २०७४ बैशाख ३१, असार १४ र असोज २ मा सम्पन्न भएको थियो । स्थानीय तहको पहिलो कार्याकाल पश्चात दोस्रो कार्यकालको चुनाव पनि यही २०७९ वैशाख ३० मा भई निर्वाचित जनप्रतिनिधिहरुले कार्यप्रारम्भ गरिसकेका छन्। प्रतिनिधि सभा र प्रदेश सभाको पनि दोस्रो कार्यकालका लागि २०७९ मंसिर ४ गते निर्वाचनको भई क्रियाशील भएका छन् ।

नेपाल सरकारबाट कार्य विस्तृतीकरण प्रतिवेदन जारी गरी संघीयता कार्यान्वयनमा मार्गदर्शन गरेको थियो । त्यसैका आधारमा प्रदेश सरकार कार्यविभाजन नियमावली,२०७४ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ जारी भयो। प्रदेश र स्थानीय तहका लागि नेपाल सरकारबाट नमूना कानून उपलब्ध गराउने र क्षमता विकासका कृयाकलापहरू सञ्चालन भएका छन्। प्रदेशसभा सञ्चालनका लागि संघीय संसदबाट सहजीकरण हुनुका साथै एक आपसमा अन्तरक्रिया र अनुभव आदानप्रदान भएका छन्। सात वटै प्रदेशमा प्रदेश सभाहरु र संसदीय समितिहरु क्रियाशील भइरहेका छन्।

## २.३ तहगत अन्तरसम्वन्ध र समन्वय

नेपालको संविधानले संघ, प्रदेश र स्थानीय तह बीचको सम्बन्ध सहकारिता, सहअस्तित्व र समन्वयको सिद्धान्तमा आधारित हुने भनी निर्देशित गरेको छ । नेपालको संघीयताको उद्देश्य, देशको भौगोलिक तथा सामाजिक संरचना र यसका विशिष्ठताका आधारमा तीन तहहरु एकल तवरले संचालन हुन संभवन नहुने कुरा संवैधानिक रुपमा स्वीकारी एकापसको अन्तरसम्वन्ध र सहकारिताको अपरिहार्यलाई अवलम्वन गरेको हो भन्न सकिन्छ । तीन तहको अन्तरसम्वन्ध तथा समन्वयलाई संघ, प्रदेश र स्थानीय तह समन्वय तथा अन्तरसम्बन्ध ऐन, २०७७ ले कार्यान्वयन गरेको छ । संविधानले निर्देशित गरेको सिद्दान्तलाई यस ऐनले व्यवहारमा उतार्न तीनै तहलाई निर्देशित गरेको छ ।

तीन तहको अन्तरसम्वन्ध र समन्वयका लागि संविधान तथा उक्त ऐनमा केही प्रावधानहरु समावेश गरिएका छन् । संघ, प्रदेश र स्थानीय तह विच समन्वय तथा अन्तर सम्बन्ध व्यवस्थित गर्न प्रधानमन्त्रीको अध्यक्षतामा राष्ट्रिय समन्वय परिषद रहने व्यवस्था छ। संघ र प्रदेश बीच तथा प्रदेश-प्रदेश बीच उत्पन्न हुन सक्ने राजनीतिक विवाद समाधानका लागि प्रधानमन्त्रीको अध्यक्षतामा अन्तरप्रदेश परिषद गठन हुने, स्थानीय तहहरु बीच समन्वय कायम गर्न मुख्यमन्त्रीको अध्यक्षतामा प्रदेश समन्वय परिषद रहने, संघले प्रदेश र स्थानीय तहलाई आवश्यक सहयोग र निर्देशन दिन सक्ने तथा प्रदेश र स्थानीय तहले सोको पालना गर्नुपर्ने, नेपाल सरकारले राष्ट्रिय महत्त्वका विषयमा र प्रदेशहरुबीच समन्वय गर्नुपर्ने विषयमा प्रदेश मन्त्रिपरिषदलाई संविधान र संघीय कानून बमोजिम आवश्यक निर्देशन दिन सक्ने र त्यस्तो निर्देशनको पालन गर्नु सम्बन्धित प्रदेश मन्त्रिपरिषदको कर्तव्य हुने, नेपाल सरकार आफैं वा प्रदेश सरकार मार्फत गाउँ कार्यपालिका र नगर कार्यपालिकालाई संविधान र संघीय कानून बमोजिम आवश्यक सहयोग गर्न र निर्देशन दिन सक्ने, संघले कुनै प्रदेशका सिमाना परिवर्तन गर्नुपर्दा वा प्रदेशको एकल अधिकारको विषय संशोधन गर्नुपर्दा प्रदेश सभाको बहुमतबाट स्वीकृत भएको हुनुपर्ने जस्ता व्यवस्थाहरु गरिएको छ।

यीनै व्यवस्थाका अतिरिक्त संघ, प्रदेश र स्थानीय तहबीचको अन्तरसम्बन्धका अन्य आधारहरू पनि स्पष्ट पारिएको छ। जिल्ला समन्वय समितिले संघ वा प्रदेशले स्थानीय तहमा गर्ने विकास निर्माण सम्बन्धी कार्यका साथै जिल्लामा रहने संघीय तथा प्रदेश सरकार अन्तर्गतका कार्यालयहरु र स्थानीय तहले सम्पादन गर्ने कार्यहरुमा समन्वय गर्ने प्रावधान रहेका छन् ।

राजनीतिक तथा कार्यपालिकीय अन्तरसम्बन्ध र विधायिकी अन्तरसम्बन्धको व्यवस्थाका साथै संघ, प्रदेश र स्थानीय तहबीचको अधिकार क्षेत्रका बारेमा भएको विवादको निरुपण सर्वोच्च अदालतको संवैधानिक इजलासबाट हुने व्यवस्था छ। अन्तरतह कर्मचारी सरुवा, कर्मचारी भर्ना लगायतका विषयमा संघीय कानूनले प्रदेश लोकसेवा आयोगलाई मापदण्ड दिने। स्थानीय तहको कर्मचारी व्यवस्थापन सम्बन्धी विषय प्रदेश कानून अनुसार हुने आदि न्यायिक तथा प्रशासनिक अन्तरसम्बन्ध स्थापित गरिएको छ।

राजश्वको क्षमता र खर्च आवश्यकताका आधारमा राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको सिफारिसमा नेपाल सरकारले प्रदेश र स्थानीय तहलाई तथा प्रदेश सरकारले आँफु अन्तर्गतको स्थानीय तहलाई वित्तीय समानीकरण अनुदान र सशर्त अनुदान उपलब्ध गराउनु पर्ने, अन्तरसरकारी वित्त हस्तान्तरण अन्तर्गत समपुरक अनुदान र विशेष अनुदानको व्यवस्था, नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहबीच अन्तरसरकारी वित्त व्यवस्थापनका विषयमा आवश्यक परामर्श तथा समन्वय गर्न अन्तर(सरकारी वित्त परिषद् आदि वित्तीय अन्तरसम्बन्धको व्यवस्था छ। जवाफदेहिता तथा सूचना आदान प्रदान सम्बन्धी अन्तरसम्बन्धको समेत व्यवस्था रहेको छ।

संघ, प्रदेशीय र स्थानीय सरकारका बीचका समन्वय र अन्तर्सम्बन्ध नै नेपालको शासन प्रक्रियाको प्रमुख पक्ष हो। केन्द्रीय एकल शासन प्रणालीबाट रुपान्तरण भई तीन तहको संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाको अवलम्वन गरिएको र संघीय संरचनाभित्र रही २०७४ सालमा भएको पहिलो निर्वाचनदेखि यो अभ्यास हुन थालेको हुँदा अनुभव र अभ्यासका दृष्टिले यो छोटो अवधिमा नेपालको संघीय शासन व्यवस्थामा थुप्रै समस्या र चुनौतीहरु रहेका छन् ।

तीन तहले हालसम्म गरेका अनुभवहरु, भोगेका भोगाईहरु, कार्यसम्पादनको क्रममा देखिएका समस्या के कस्ता रहेका छन् र तीनै तहले गरेका साझा अपेक्षाहरु के के हुन सक्छन् भन्ने कुराको अधीनमा रही छलफल गर्ने र समस्या पहिचान गरी आवश्यक निर्देशन वा नीतिगत उपाय अवलम्वन गर्न यो प्रतिवेदन केन्द्रित रहनेछ।

### २.३.१ तहगत अन्तर सम्बन्धमा हालसम्म प्राप्त मुख्य उपलब्धिहरु

क. संघ, प्रदेश र स्थानीय तहको संस्थागत संरचनाको निर्माण भई संघ, ७ वटा प्रदेश र ७५३ स्थानीय तहको गठन, प्रदेशको नामाकरण र केन्द्र तथा राजधानी तोक्ने लगायतका कार्यहरु सम्पन्न भई तीनवटै तहमा दोश्रो पटक निर्वाचन समेत सम्पन्न भई जनप्रतिनिधिहरु निर्वाचित भई कार्य सञ्चालनमा रहेको,

ख. तत्कालीन मुख्यसचिव सोमलाल सुवेदीज्यूको अध्यक्षतामा गठित समितिबाट २०७३ सालमा जारी भएको कार्य विस्तृतीकरण प्रतिवेदनले एकल अधिकार र साझा अधिकारका विषयमा संविधानको अनुसुची र अन्य कानूनमा भएका व्यवस्थाको विस्तृतिकरण गरी करिव १७९५ बुंदामा तीन तहको कार्यलाई खण्डीकृत गरी सरलीकरण गरिएको,

ग. राष्ट्रिय सभा अन्तर्गत माननीय डा. खिमलाल देवकोटाको अध्यक्षतामा बनेको संघीयता कार्यान्वयन अध्ययन तथा अनुगमन संसदीय विशेष समितिले संघीयता कार्यान्वयनसँग सम्बन्धीत विभिन्न पक्षमा केन्द्रित भई ९९ बुँदे सिफारिस सहितको प्रतिवेदन तयार गरी राष्ट्रिय सभामा पेश भएको थियो । उक्त प्रतिवेदन मार्फत सिफारिस गरिएका सुझावहरु कार्यान्वयनको लागि यस समितिबाट निरन्तर Follow up गर्ने कार्य भइरहेको छ ।

घ. विभिन्न मितिमा बसेका अन्तर प्रदेश परिषद र प्रदेश समन्वय परिषदका बैठकबाट प्राप्त सुझावहरु, २०८० साल आषाढ १६ गते पोखरामा र मिति २०८० साल माघ २६ गते काठमाडौमा बसेको राष्ट्रिय समन्वय परिषदको बैठकका निर्देशनहरु, मिति २०८० साल पौष १३ गते हेटौंडामा बसेको मुख्यमन्त्रीहरुको बैठकका निर्णयहरुको कार्यान्वयन हुँदै आएको छ भने कतिपय कार्यान्वयनको क्रममा रहेका छन्,

ङ. मिति २०८० आषाढ १६ गते पोखरामा सम्पन्न राष्ट्रिय समन्वय परिषदको बैठकको निर्णय बमोजिम प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयको तर्फबाट कार्य विस्तृतीकरण परिमार्जन गर्ने उद्देश्यले सचिव श्री अर्जुनप्रसाद पोखरेलको संयोजकत्वमा गठन भएको मुल समिति र उक्त समितिलाई थप सहयोग गर्न बनेका ५ वटा विषयगत समितिहरुले लगातार काम गर्दै आएका छन् भने मिति २०८० साल माघ २६ गते काठमाडौमा राष्ट्रिय समन्वय परिषदको बैठकको दोस्रो सम्पन्न भईसकेकोछ,

च. संघीय संसदबाट संघ, प्रदेश र स्थानीय तह (अन्तरसम्बन्ध र समन्वय) ऐन, २०७७ जारी भई कार्यान्वयनमा रहेको, प्रदेश तथा स्थानीय तह (अन्तरसम्बन्ध तथा विवाद समाधान) ऐन, गण्डकी र सुदुरपश्चिम प्रदेश सभाबाट पारित भई कार्यान्वयनमा रहेको छ,

छ. संक्रमणकालीन व्यवस्था अन्तर्गत संविधानको धारा २९६ बमोजिमको अधिकार प्रयोग गरी संघीय संसदले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ जारी गरी कार्यान्वयनमा आएको छ । ठुलो संख्यामा नेपाल सरकार (कानून न्याय तथा संसदीय मामिला मन्त्रालय, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, महान्यायधिवक्ताको कार्यालय) लगायतबाट नमुना कानूनहरु तयार पारी प्रदेश र स्थानीय तहमा पठाईएको र सोही आधारमा प्रदेश र स्थानीय तहले कानूनहरु बनाएका छन,

ज. प्रदेश सभाबाट स्थानीय तहको लागि गाउँ तथा नगर सभा सदस्यहरुको सुविधा सम्बन्धी ऐन, प्रदेश लोकसेवा आयोग ऐन, जिल्ला सभाको काम कर्तव्य र अधिकार सम्बन्धी ऐन, गाउँसभा र नगरसभा सञ्चालन कार्यविधि लगायतका कानूनहरु पारित भई कार्यान्वयनमा आएका छन,

झ. विकास निर्माण योजना तर्जुमाको लागि राष्ट्रिय योजना आयोग र राष्ट्रिय विकास परिषदको गठन गरिएको, अन्तर प्रदेश परिषद, राष्ट्रिय समन्वय परिषद, सङ्घीय संसदको विषयगत समितिहरु, प्रदेश योजना निर्माणमा प्रदेश समन्वय परिषद् र प्रदेश सभाका विषयगत समितिहरु समेतले आ-आफ्नो जिम्मेवारी निर्वाह गरेका छन् । प्रदेश सरकारहरुलेसमेत मुख्यमन्त्रीको अध्यक्षतामा प्रदेशस्तरीय योजना आयोग गठन गरेका छन,

ञ. राष्ट्रिय प्राकृतिक श्रोत तथा वित्त आयोगको गठन भई आफ्नो कार्यदिशबमोजिम काम गरिरहेको छ । उक्त आयोगले तर्जुमा गरि सूत्रका आधारमा संघ र प्रदेशबाट ४ प्रकारका वित्तिय हस्तान्तरण हुँदै आएको,

ट. प्रदेश र स्थानीय तहमा कर्मचारी समायोजन भै कार्य गर्दै आएको, प्रदेश लोकसेवा आयोग ऐनको तर्जुमा गरी स्थानीय तहको कर्मचारीहरुको छनौट प्रकृया आरम्भ भएको र मुख्मन्त्री तथा मन्त्रिपरिषदको कार्यालय अन्तर्गत कर्मचारी ब्यवस्थापन सम्बन्धमा एक समिति निर्माण गरी काम गर्दै रहेको, आदि ।

## २.४ समितिद्वारा सञ्चालित प्रादेशिक अन्तरक्रिया कार्यक्रम

यस समितिको कार्यक्षेत्र अन्तर्गत राज्यको तहगत संरचनाको विकासमा समन्वय विषय रहेकोले तहगत सरकारबीचको अन्तरसम्बन्धमा देखिएको समस्या /चुनौती सम्भावना सम्बन्धमा ७ वटै प्रदेशमा मुख्यमन्त्री, प्रदेश सभाका माननीय सदस्य, स्थानीय तहका जनप्रतिनिधि र सरोकारवाला नियकायका प्रतिनिधिको सहभागितामा कार्यशाला गोष्ठी सञ्चालन भएको थियो उक्त कार्यक्रमको संक्षिप्त विवरण देहायबमोजिम रहेको छ ।

### २.४.१ कार्यक्रमको उपस्थिती विवरण

देशभरका सातवटै प्रदेशका राजधानीलाई आधार मानी प्रदेश र स्थानीय तहका सरोकारवालाहरुसंग सञ्चालन गरिएका कार्यक्रमहरुमा सहभागीहरुको जम्मा संख्या २८८ जना रहेको थियो, जसमध्ये मिति सम्वत् २०८० कार्तिक १८ गते कोशी प्रदेशको बिराटनगरमा सञ्चालन भएको कार्यक्रममा ४६ जना, सम्वत् २०८० साउन १७ गते, बागमती प्रदेश अन्तर्गत ललितपुरस्थित होटल हिमालयनमा सञ्चालन भएको कार्यक्रममा ५५ जना, सम्वत् २०८० साउन २७ गते, मधेश प्रदेश अन्तर्गत जनकपुरमा सञ्चालन गरिएको कार्यक्रममा ३५ जना, सम्वत् २०८० भाद्र १९ गते, लुम्बिनी प्रदेश अन्तर्गत भालुवाङ्ग, दाङ्गमा सञ्चालन गरिएको कार्यक्रममा ३४ जना, कर्णाली प्रदेश अन्तर्गत सुर्खेतमा सञ्चालन गरिएको कार्यक्रममा ४३ जना, सम्वत् २०८० मंसीर २५ गते, सुदुरपश्चिम प्रदेश अन्तर्गत धनगढीमा सञ्चालन गरिएको कार्यक्रममा ३९ जना र सम्वत् २०८० पुस २८ गते, गण्डकी प्रदेश अन्तर्गत पोखरामा सञ्चालन गरिएको कार्यक्रममा ३६ जनाको सहभागिता रहेको थियो । प्रदेशस्तरमा सञ्चालन गरिएका कार्यक्रमको विवरण अनुसूची १ मा संलग्न रहेको छ ।कार्यक्रममा जम्मा १५४ पुरुष, १३४ जना महिला मध्ये १७ जना दलित समुदायबाट, ६९ जना, आदिबासी/जनजाती समुदायबाट, ३ जना अपाङ्गता भएका व्यक्तिहरु, ३१ जना अन्य र बाँकि १७१ जना ब्राहमण/क्षेत्रीबाट प्रतिनिधित्व भएको थियो ।

कार्यक्रममा राष्ट्रिय सभाका माननीय अध्यक्ष श्री गणेश प्रसाद तिमिल्सिना, राष्ट्रिय सभाका उपाध्यक्ष माननीय उर्मिला अर्याल, मुख्य सचेतक माननीय अनिता देवकोटा, राष्ट्रिय सभा राष्ट्रिय सरोकार तथा समन्वय समितिका सभापति माननीय दिल कुमारी रावल थापा, पार्वती लगायत समितिका सदस्यहरु माननीय इन्दिरा देवी गौतम, माननीय राम चन्द्र राई, माननीय शेखर कुमार सिंह, माननीय कुमार दशौंदी, माननीय गोपी बहादुर सार्की आछामी, माननीय राजेन्द्र लक्ष्मी गैरे, माननीय इन्दु कडरिया, माननीय गंगा कुमारी बेल्वासे, माननीय सोनाम ग्याल्जेन शेर्पा, संविधान सभा सदस्यहरु, गण्डकी प्रदेश सरकारका माननीय मुख्यमन्त्री, सभामुखहरु, उपसभामुखहरु, प्रदेश सभाकाका बिभिन्न समितिका सभापतिहरु, माननीय सदस्यहरु, स्थानीय तहका प्रमुख, उपप्रमुख, अध्यक्ष तथा उपाध्यक्षहरु, राष्ट्रिय सभा, राष्ट्रिय सरोकार समितिका सचिव तथा अन्य कर्मचारीहरु, प्रदेश तथा स्थानीय तहका कर्मचारीहरु, विषय विज्ञ, एनएफ पिपिडीका पदाधिकारी तथा कर्मचारी लगायत सरोकारवालाहरुको उपस्थिती थियो ।(प्रादेशिक कार्यक्रमको संक्षिप्त प्रतिवेदन अनुसूची २ मा राखिएको छ)

### २.४.२ कार्यपत्र प्रस्तुतीकरण

छ वटै प्रदेशका राजधानी केन्द्रित कार्यक्रमको सञ्चालन राष्ट्रिय सरोकार तथा समन्वय समितिका सचिव श्री सिता काफ्ले बाग्लेज्यूले गर्नु भएको थियो भने लुम्बिनी प्रदेशको कार्यक्रम सञ्चालन उपसचिव श्री दशरथ धमलाले गर्नुभएको थियो। जनसंख्या र विकासका लागि सांसदहरुको राष्ट्रिय मञ्च (एनएफपिपिडी) का महासचिव तथा संविधान सभा सदस्य माननीय भिष्मनाथ अधिकारीज्यूले कार्यक्रममा स्वागत गर्नु भएको थियो। कर्णाली प्रदेशमा सञ्चालन भएको कार्यक्रममा भने माननीय कुमार दशौंदीले कार्यक्रममा सहभागीहरुलाई स्वागत गर्दै कार्यक्रमको उद्देश्य माथि प्रकाश पार्नु भएको थियो । राष्ट्रिय सरोकार तथा समन्वय समितिका सभापति माननीय दिल कुमारी रावल, थापा (पार्वती) ले अध्यक्षता गर्नु भएको सबैजसो कार्यक्रमहरुमा २ वटा कार्यपत्रहरु प्रस्तुत गरिएका थिए । पहिलो कार्यपत्र विषय विज्ञको रुपमा कोशी, लुम्बिनी, गण्डकी र कर्णाली प्रदेशमा काँशिराज दाहालज्यूले प्रस्तुत गर्नु भएको थियो भने मधेश, बागमती र सुदुरपश्चिम प्रदेशहरुमा अधिवक्ता मोहनलाल आचार्यले कार्यपत्र प्रस्तुत गर्नु भएको थियो । त्यसै गरी दोश्रो कार्यपत्र राष्ट्रिय सभा, राष्ट्रिय सरोकार तथा समन्वय समितिका माननीय सभापति दिल कुमारी रावल थापा(पार्वती) ले प्रस्तुत गर्नु भएको थियो ।

पहिलो कार्यपत्रमा संघीयता सम्बन्धी बिभिन्न मुलुकका अभ्यासहरु, संघ, प्रदेश र स्थानीय तहको अन्तरसम्बन्ध सम्बन्धी संवैधानिक प्रावधानहरु, तीन तहवीचको अधिकारको बाँडफाँड, संघीयता कार्यान्वयनका लागि बनेका संवैधानिक संरचनाहरु र तीनको क्षेत्राधिकार, संविधान बमोजिम तहगत अन्तरसम्बन्ध सम्बन्धी ऐन, वित्तीय ब्यवस्था गर्न बनेका ऐन तथा कानूनहरु, प्रशासनिक संघीयतासंग सम्बन्धित कानूनहरु, संघीयता कार्यान्वयनमा हालसम्म प्राप्त उपलब्धिहरु, चुनौतीहरु र आगामी रणनीतिका विषयहरु समेटिएका थिए भने दोश्रो कार्यपत्रमा राजनीतिक, वित्तिय र प्रशासनिक संघीयताका विश्वव्यापी आयामहरु, नेपालको संविधानले ग्रहण गरेका उक्त आयामहरु सम्बन्धी मुख्य व्यवस्थाहरु, राष्ट्रिय सभाको गठन, कार्यादिश र संघीय प्रणालीमा सभाको उपादेयता, संघीय संविधान कार्यान्वयनको लागि राष्ट्रिय सभाले हालसम्म खेलेका भूमिका जस्ता विषयहरु समेटिएका थिए ।

### २.४.३ समुह छलफलबाट प्राप्त सुझावको सारांश

विषयवस्तुको प्रस्तुती पश्चात समुह छलफल कार्यक्रम सञ्चालन गरिएको थियो । सम्पूर्ण सहभागीहरुलाई जम्मा तीन समुहमा विभाजन गरी स्थानीय तह, प्रदेश तह र नेपाल सरकार तथा संघीय संसदको लागि सुझावहरु संकलन गर्ने गरी प्रश्नहरु तयार पारिएको थियो । छलफल विषयवस्तुमा केन्द्रित होस् र अनुभव र अभ्यासका आधारमा प्रभावकारी सुझावहरु प्राप्त गर्न सकियोस भनि समुह छलफलका लागि प्रत्येक समुहको लागि ३ देखि ५ वटा प्रश्नहरु दिइएको थियो । उक्त प्रश्नको जवाफका् रुपमा सातवटै प्रदेशस्तरमा सञ्चालन गरिएका समुह छलफलबाट प्राप्त प्रतिकृयाको सार संक्षेप तत् तत् तहको शिर्षकमा

राखिएको छ । यी शिर्षकहरुमा रहेका सुझावहरुमा राष्ट्रिय सभाका सम्माननीय अध्यक्ष, उपाध्यक्ष, माननीय मुख्यमन्त्री, प्रदेश सभाका सभामुख तथा उपसभामुखज्यूहरु लगायतबाट प्राप्त सुझावहरु समेत उपयुक्त शिर्षकमा समायोजन गरिएको छ । प्राप्त सुझावहरु केही कानूनमा संशोधन गर्दा पुग्ने, केही संविधान नै संशोधन गर्नुपर्ने र केही कार्यान्वयन तथा संस्थागत सुधार गर्दा पुग्ने प्रकृतिका छन् । समुह छलफलबाट प्राप्त सुझावहरु भएकोले यहाँ भाषाको मात्र परिमार्जन गरी अन्य विषयहरु जस्ताको तस्तै रुपमा राखिएका छन् । समितिको सुझाव वा निर्देशनको रुपमा भने सार संक्षेपमा अलग्गै शिर्षकमा सुझावहरु दिइएको छ।

**क. स्थानीय तहको समुहबाट प्राप्त सुझावहरु**

- स्थानीय तहमा हाल कार्यरत कर्मचारी पालिकाप्रति उत्तरदायी नभएकोले पालिकाप्रति उत्तरदायी हुने संयन्त्र बनाउनु आवश्यक रहेको,
- योजना तर्जुमा, बजेट बिनियोजन र कार्यान्वयन प्रभावकारी नदेखिएकोले स्थानीय तहको आवश्यकताका आधारमा मात्र प्रदेश र संघका योजना निर्माण गर्ने परिपाटी निर्माण गर्नु उपयुक्त हुने,
- स्थानीय तहमा संचालन गरिने आयोजनाको अनुगमनमा समेत पालिकाको अनिवार्य सहभागिता गराउनु आवश्यक रहेको जसले गर्दा उनिहरुको अपनत्वको समेत वृद्धि हुने हुन्छ । पालिकाको योजनामा समावेश भएको कार्यक्रमपछि थाहा नै नपाई केन्द्रबाट कटौती हुँदा समस्या सिर्जना हुने गरेकोले संघ र प्रदेशबाट त्यस प्रकारको हस्तक्षेप बन्द गरिनु पर्ने, स्थानीय तहमा संघ र प्रदेशको योजनामा पनि तीनै तहको अनुगमनको संयन्त्र निर्माण गर्नु आवश्यक रहेको,
- संघीयतालाई सबल बनाउन पालिकामा वडाको संख्या बढाएर सेवा प्रवाह बढाउने र हालका पालिकाको संख्या घटाउनु आवश्यक रहेको, जसले प्रशासनिक खर्च कम गर्नमा मद्दत पुग्दछ । राष्ट्रिय प्रकृतिक स्रोत तथा वित्त आयोग र स्थानीय तहबीच समन्वय गरी स्रोतको न्यायोचित वितरण गर्नुपर्ने,
- संघ, प्रदेश र स्थानीय तहले एकै प्रकृतिको कार्यालयहरु खोलेर प्रशासनिक खर्चको भार अत्याधिक भएको, काममा कतै दोहोरो र तेहेरो त कतै काम नै नहुने गरेको विषयलाई अन्त्य गर्न संस्थागत संरचनाको आवश्यकता पुनरावलोकन गरी अनावश्यक संरचना कटौती गर्न यथासिघ्र संघले ध्यान दिनु आवश्यक रहेको,
- स्थानीय तह विकासको आधारस्तम्भ भएकाले स्थानीय तहमा स्रोत, साधन वृद्धि गर्नुपर्ने, शसर्त अनुदानको आकारलाई विस्तारै कटौती गरी समपूरक र समानीकरण अनुदानलाई वृद्धि गर्नुपर्ने देखिन्छ,

- सवै तहलाई संविधानतः प्राप्त एकल अधिकार माथि हस्तक्षेप नगर्ने र साझा अधिकारका विषयमा संघले मार्ग खुला गर्न आवश्यक कानून तथा मापदण्ड तयार पारी कार्यान्वयनमा सहजीकरण गर्नुपर्ने,
- आधारभूत तथा माध्यामिक तहसम्मको शिक्षा स्थानीय तहको एकल अधिकारको सुचिमा रहेको भएपनि संघीय तहबाट विद्यालय शिक्षा विधेयक तर्जुमा गर्दा स्थानीय तहको एकल अधिकारमाथि हस्तक्षेप गरेको देखिएको,
- संघबाट प्रदेश र स्थानीय तहको लागि र प्रदेशबाट स्थानीय तहको लागि दिइने ४ प्रकारका अनुदानको मापदण्ड, आधार, समय र मात्रा बैज्ञानिक र व्यवहारिक नभएको देखिएकोले आवश्यकता र समय अनुसार उक्त अनुदान वितरण बैज्ञानिक मापदण्ड बनाई तत्काल कार्यान्वयन गर्नुपर्ने,
- स्थानीय सरकारले पहिचान नगरेका क्षेत्रमा संघ, प्रदेशबाट बजेट विनियोजन गर्ने कुरा निरुत्साहित गर्नुपर्ने,
- आयोजनाको आकार र मापदण्डमा स्पष्टता नभएको, राष्ट्रिय गौरवका आयोजना वा अन्य आयोजनाबीच फरक छुट्टाउन कठिन हुने अवस्था श्रृजना भएको, राष्ट्रिय योजना आयोगले तय गरेको मापदण्ड प्रभावकारी रुपमा कार्यान्वयन हुन नसकेको पाईएको, निकै सानो आकारका आयोजना समेत संघ र प्रदेशले स्थानीय तहमा तर्जुमा गर्ने गरेको, जानकारीनै नभएको आयोजनामा अनुगमन गरि प्रतिवेदन पेश गर्नुपर्ने अवस्था आएको र कतै आयोजना नै आयोजना पर्ने र कतै आयोजना नै नपर्ने अवस्था श्रृजना भएकोले आयोजना तर्जुमा, बजेट बिनियोजन र कार्यान्वयनमा तलदेखि माथिसम्म जाने प्रणालीलाई प्रकारकारी रुपमा कार्यान्वयन गर्नुपर्ने आवश्यकता रहेको,
- संघीय निजामती सेवा ऐन समयमा जारी हुन नसकेको कारण प्रशासनिक संघीयता ब्यवस्थापनमा कठिनाई भएको, कर्मचारी समायोजन ऐन बमोजिम समायोजन गरिएको भएता पनि हालसम्म स्थानीय तहमा कर्मचारीको पदसोपान र वृत्ति विकाशमा एकरुपता ल्याउन नसकिएकोले त्यसतर्फ संघीय सरकार गम्भिररुपमा लाग्नु आवश्यक रहेको,
- संस्थागत संरचनाको दृष्टिले समेत संघमा अनावश्यक मन्त्रालय र बिभागहरु राखेर बोझिलो बनाइएका कारण प्रशासनिक खर्चमा बृद्धि भएको (उदाहरणको लागि खानेपानी मन्त्रालय, महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय, शिक्षा मन्त्रालय, शहरी विकाश मन्त्रालय तथा बिभिन्न बिभागहरु आदि) प्रदेश र स्थानीय तहमासमेत आवश्यकता पहिचान गरि संस्थागत

संरचनाको व्यवस्था नगरिएका कारण दोहोरो र तेहोरो समेत परि खर्च धान्नै नसक्ने अवस्थामा पुगेकोले तत्काल अध्ययन गरी आवश्यकताका आधारमा संस्थागत संरचनाको व्यवस्था गर्नुपर्ने,

- प्रदेश र स्थानीय तहबाट बनेका कानूनहरुको उत्तर विधायिकी परिक्षण तथा तत् तत् तहले बनाएका कानूनको कार्यान्वयनको अवस्थाको अध्ययन आवश्यक रहेको,
- संघीय संसद र प्रदेश सभाबाट निर्माण हुने कानुन स्थानीय सरोकारवालासँग छलफल/ अन्तरक्रिया पश्चात मात्र निर्माण गरिनु पर्ने, साझा अधिकारका सूचीका कानून निर्माण गर्दा स्थानीय सरकारको अनिवार्य सहभागितामा मात्र निर्माण हुनुपर्ने,
- स्थानीय तहमा न्यायिक समिति र कानुन निर्माणमा सहयोग गर्न कानुन अधिकृतको दरवन्दी सिर्जना हुनुपर्ने आवश्यकता देखिएको, स्थानीय तहमा शिक्षा र अन्य समुहको उपसचिवहरु धेरै, तर प्रशासकीय प्रमुखमा शाखा अधिकृत सरहको कर्मचारीलाई पदस्थापना गर्दा पदसोपान नमिलि कर्मचारीहरुबीच द्वन्द सिर्जना भएको। स्थानीय तहमा कनिष्ठ कर्मचारी अन्तर्गत बरिष्ठ कर्मचारीले काम गर्नुपरेको ।
- जिल्ला समन्वय समितिको कार्य सम्पादन अपेक्षाकृत रुपमा प्रभावकारी नदेखिएको। संघीयता लागु भएपश्चात खारेज गर्नुपर्ने भनिएका कार्यालयहरुलाई पुनः स्थापना गर्न खोजीएको,
- राष्ट्रिय सभा स्थानीय र प्रदेशको प्रतिनिधित्व भएको संरचना हो जसलाई ओजपुर्ण बनाउन विषयविज्ञ र राष्ट्रिय सभाका माननीय सदस्य सम्मिलित एक समिति निर्माण गरी तोकिएको प्रदेशमा स्थलगत अनुगमन गरी ३-३ महिनामा प्रादेशिक समस्या पहिचान गरी संघीय संसदमा पेश गर्न जिम्मेवारी प्रदान गर्नुपर्ने।
- प्रमुख प्रशासकिय अधिकृत स्थानीय तहको आफ्नै भएमा प्रभावकारी हुने हुनाले अब बन्ने संघीय निजामती सेवा ऐनमा सो कुरा समावेश हुनुपर्यो, स्थानीय तहमा कार्यरत कर्मचारीको सरुवा सम्बन्धित तहको समन्वय विना गरिएको सो हुनु भएन, कम्तिमा पनि एउटा स्थानीय तहमा २ वर्ष वस्नुपर्ने प्रावधान हुनुपर्ने, प्रमुख प्रशासकिय अधिकृतको कार्यसम्पादन मुल्याङ्कन सम्बन्धित स्थानीय तहले र प्रमुख सचिवको कार्यसम्पादन मुल्याङ्कन मुख्यमन्त्रीले र सचिवको कार्यसम्पादन मुल्याङ्कन प्रमुख सचिवले गर्न पाउनुपर्ने,
- वित्तीय संघीयताको सन्दर्भमा व्यक्तिगत पहुँचको आधारमा आयोजना तोक्ने प्रथा खारेज गरीनुपर्छ ।आयोजनाको बजेट सिलिङ तोकिनुपर्छ र सोहि अनुसार संघ, प्रदेश र स्थानीय तहले बजेट विनियोजन गरिनुपर्छ,
- आयोजना कार्यान्वयनमा सार्वजनिक खरिद ऐन बाधक भई टेण्डर गर्न कठिन भएको साथै सोही ऐनको आधारमा म.ले.प. ले वेरुजु देखाउने हुँदा उक्त ऐन समसामयिक संशोधन हुनुपर्छ,

- एकातर्फ ढुँगा, गिटी, बालुवा खोलाबाट निकाल्न नपाईने र खोलाले क्षति गर्ने, अर्कोतर्फ निर्माण सामाग्री दोब्बर महंगो भएकोले ढुँगा, गिटी, बालुवाको समस्या समाधान गर्नुपर्ने ।

## ख. प्रदेश समुहको तर्फबाट प्राप्त सुझावहरु

- संघबाट बन्नुपर्ने ऐनहरू नबनेको, साझा अधिकार सुचीका विषयमा समन्वय र सहकार्यको कमी देखिएको, कानुन निर्माणमा स्पष्ट मापदण्ड नभएकोले कानुन तर्जुमा सम्बन्धी एकिकृत दिग्दर्शन बनाउनुपर्ने आवश्यकता रहेको,
- साझा अधिकारका विषयमा कानुन नै बन्न बाँकि रहेको र केही बनेका कानूनहरुमा समेत छलफल नहुने गरेकाले आगामी व्यवस्थापन दिनमा छलफल हुनु आवश्यक रहेको,
- कर्मचारी समायोजन र कर्मचारी व्यवस्थापन सम्बन्धि स्पष्ट कानुनी प्रावधान नभएकोले कर्मचारी व्यवस्थापन र वृति विकासमा समस्या देखिएको, संघीयताको मर्म अनुसार संगठनात्मक स्वरुप नभएकोले त्यसतर्फ यथासिघ्र ध्यान दिनु आवश्यक रहेको। संघीय सरकारले प्रदेश मातहतका कार्यालयमा खटाउने कर्मचारी प्रदेश मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयमा पठाउनुपर्ने र सो कर्मचारी कहाँ खटाउने भन्ने अधिकार मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयलाई हुने व्यवस्था सहितको कानुन निर्माण गर्नुपर्ने,
- योजना तर्जुमा, बजेट विनियोजन र अनुदान बाँडफाँड अबैज्ञानिक भएको, सेवा प्रवाहमा स्पष्ट मापदण्ड नहुँदा गुणस्तरीय हुन नसकेको,
- कानून निर्माण, योजना तर्जुमा, आयोजना छनौट र बजेट बिनियोजनमा संघ तथा स्थानीय तहसंग समन्वय गर्ने पद्दतिको अभाव रहेको, प्रदेश र स्थानीय तहका एकल अधिकारमा समेत संघबाट हस्तक्षेप बढी भएको, अनुगमन र मूल्याङ्कनमा समस्या भएको,
- प्रदेशले कानुन तर्जुमा गर्दा स्थानीय तहसंग समन्वय गर्ने नगरेको, प्रदेश र स्थानीय तहबाट बनेका कानून समेत प्रभावकारी रुपमा कार्यान्वयन नभएको,
- संघीय निजामती सेवा ऐन, प्रदेश निजामती सेवा ऐन, कर्मचारी समायोजन ऐन र प्रहरी समायोजन ऐन हालसम्म पनि तर्जुमा वा संशोधन नभएकोले प्रशासनिक अधिकारको प्रयोग हुन नपाएको, प्रशासनिक संघीयताको मर्म अनुरुप कर्मचारी समायोजन हुन नसकेको, संघबाट खटाइएका कर्मचारी प्रदेशको मन्त्री र स्थानीय तहका पदाधिकारीलाई पत्तो नभै सरुवा हुने अवस्था रहेकोले प्रदेश र स्थानीय तहको नीति तथा कार्यक्रमको कार्यान्वयनमा समस्या रहेको,
- वित्तीय संघीयताको आधारको रुपमा रहेको करको दायरा स्पष्ट नभएको, सशर्त अनुदानले संघीयतामाथि प्रश्न खडा गरेको, सशर्त अनुदान पठाउदा योजनाको छनौट गर्ने अधिकार प्रदेशलाई नै हुनुपर्ने, प्राथमिकता तलबाटै छनौट गर्ने व्यवस्था मिलाउनु पर्ने आवश्यकता देखिएको,

- प्रदेश र स्थानीय तहलाई कमजोर पार्ने गरी राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग बनेकोले अधिकारको केन्द्रिकरण भएको, राजश्वको क्षेत्राधिकारका विषयमा स्पष्टता नभएको,
- हालको संघीय बजेट बाँडफाँडको अनुपात हेर्दा सत्तरी प्रतिशत वजेट केन्द्रमा, १५% वजेट स्थानीयमा र १५% वजेट प्रदेशमा हुने व्यवस्था गरिएको सन्दर्भमा तर विकास स्थानीय तहमा त्यसमा पनि वडा र टोलस्तरमा विकास निर्माणको कार्य सम्पन्न गर्नुपर्ने हुन्छ, सोको लागि बजेट विनियोजन स्थानीयस्तरमा बढी र संघ प्रदेशमा कम हुनु आवश्यक छ,
- समानीकरण, विशेष समानीकरण  र सशर्त अनुदानको रकम प्रदेश सरकारले पुनःप्रयोगका लागि केन्द्रमा अनुमति माग्नु पर्ने जस्तो अवस्थाको सृजनाले वित्तीय संघीयतामा प्रभाव पार्ने भएकोले हटाउनु पर्ने,
- राष्ट्रिय समन्वय परिषदको बैठकको कार्यसूचीमा समेत प्रदेश सरकारका समस्या नपरेको,  प्रदेश संवैधानिक रुपमा  स्वायत्त भएतापनि संघको निर्देशनमा चल्नुपर्ने विद्यमान अवस्था रहेको ।
- सामाजिक विकास, मानवीय विकास तथा पूर्वाधार विकासलाई समन्वयात्मक रुपमा लैजानु पर्नेमा तीनवटै तहबाट सामाजिक विकासमा प्रयाप्त ध्यान दिन सकिएको छैन,
- प्रदेश र स्थानीय तहले पनि आफूसँग सरोकार भएको विषयमा संघीय संसदमा बिचाराधिन रहेका विधेयकहरु वेवसाईटबाट हेरी आफ्ना सुझावहरु दिन सक्छ तर आवश्यक संशोधनको लागि सुझाव दिने गरेको पाइएको छैन । प्रदेश सरकार, सभा र स्थानीय तहको तर्फबाट समेत त्यसको लागि प्रयास गर्नु आवश्यक छ,
- स्थानीय र प्रदेशको  संरचनामा दोहोरो पर्ने गरी स्थापित कार्यालयहरु जस्तैः कृषि, पशु, शिक्षा जस्ता जिल्लास्तरिय कार्यालयहरु हटाउनुपर्ने त्यसैगरी योजनाहरुको दोहोरोपन पनि हटाउनुपर्यो बजेट सिलीङ तोकेर आयोजना छुट्याउनु पर्ने यसो गरेमा सानो आयोजनामा केन्द्रबाट बजेट छुट्याउन नपर्ने,
- हालको कानून बमोजिम जमिन स्थानीय तहको, जंगल प्रदेशको र रुख संघ सरकारको भएको छ, कम्पनी रजिष्ट्रारको कार्यालय समेत  प्रदेशमा छैन काम हुन सकिरहेको छैन, लाईसेन्स छपाईको काम हुन सकिरहेको छैन त्यो काम प्रदेशलाई दिन सकिन्छ । अपर मुस्ताङ्ग जान समेत अनुमती लिन काठमाण्डौमा जानुपर्ने अवस्था छ यो अधिकार CDO लाई हस्तान्तरण गरेपनि हुने देखिन्छ । यस्ता विषयहरुमा राष्ट्रिय समन्वय परिषदमा छलफल गरी कार्य विस्तृतीकरण परिमार्जन बाट सुधार गर्नु आवश्यक रहेको,
- संघले राष्ट्रिय गौरवका आयोजनामा काम गर्ने, प्रदेशले प्रदेश तहका आयोजना सञ्चालन गर्ने, स्थानीय तहले विशेषतः सार्वजनिक वस्तु वा सेवा प्रवाह गर्ने, केही साना पूर्वाधारका  निर्माण

कार्य गर्ने जिम्मेवारी बाँडफाँड गर्दा संघ, प्रदेश तथा स्थानीय तहबीच कार्यक्षेत्रमा देखिएको दोहोरोपन हटाउन सकिन्छ,

- योजना तथा आयोजनाको आवश्यकता र औचित्यको आधारमा बजेट सिलिङको र कार्यान्वयनको तहगत ढाँचा निर्माण गर्नुपर्ने,
- संघ, प्रदेश र स्थानीय तहबीच सहभागितामुलक योजना तर्जुमा कार्यान्वयनमा समन्वय कायम गर्न एकिकृत सूचना व्यवस्थापन प्रणाली लागु गर्ने,
- ५-१० करोड सम्मको आयोजना पालिकामा, १० करोड माथि सम्मको आयोजना प्रदेशमा, संघले ३०-४० करोडको परियोजना भनेर सिलिङ तयार गर्न सक्यो भने बजेटको सम्बन्धमा देखिएको Duplication को समस्या समाधान हुनसक्ने,
- प्रदेश सरकारले आफ्नो प्रदेश अन्तर्गतका पालिकासंग सहकार्य गरेर प्रमुख विकासका एजेण्डा तय गर्नुपर्ने। प्रदेशभित्रका क्षेत्रीय सन्तुलनलाई प्रभावकारी बनाउने र महत्वपुर्ण सवालमा सामनजस्य र समविकासको अवधारणा अनुरुप प्रदेश सरकार र पालिका बीच छलफल गर्नुपर्ने पद्दतीको विकास गर्नुपर्ने,
- महिलाहरुको विभिन्न क्षेत्रमा नेतृत्व विकास गरी महिलाहरुलाई विकास निर्माणमा सहभागी गराउन प्रदेशले संघ र स्थानीय तहसँग समन्वय गर्नुपर्ने
- स्थानीय तहबाट बनेका कानून प्रदेश सरकारबाट पुनरावलोकन गर्नुपर्ने र प्रदेश तहबाट बनेका कानूनहरु स्वयम् वा संघीय सरकार वा सभाबाट परिक्षण गर्दा उपयुक्त हुने,
- प्रदेश र स्थानीय तहको आयोजना तर्जुमामा दोहोरोपना हुन नदिन LMBIS प्रणालीले कन्ट्रोल गर्ने प्रणाली र संयन्त्रको एकीकृत व्यवस्था हुनुपर्ने ।

**ग. नेपाल सरकार तथा संघीय संसदको तर्फबाट प्राप्त सुझावहरु**

- राष्ट्रिय समन्वय परिषद्, अन्तर प्रदेश परिषद, प्रदेश समन्वय परिषद, विषयगत समिति र विशेष समिति जस्ता समन्वयात्मक संरचनाहरुको क्रियाशीलता बढाउनु पर्ने आवश्यकता देखिएको,
- तहगत सरकारबीच अन्तकृया र समन्वय गरी समन्वय गर्नुपर्ने विषय तथा समस्या पहिचान गर्ने र संघीयताको कार्यान्वयनका सम्वन्धमा भए गरेका निर्णयहरुको कार्यान्वयनका लागि स्पष्ट निर्देशन दिने, साझा अधिकारका विषयमा कानून निर्माण गर्न तीनै तहको संयुक्त संरचनाको निर्माण गर्नुपर्ने,
- संसदीय औजारहरु (रुलिङ्ग, निर्देशन, सुन्य समय, विशेष समय, संसदीय प्रस्ताव लगायतका) को प्रयोग गर्ने, अन्तरतह सम्वन्ध सुदृढीकरणका लागि संघीय संसद अन्तरगत संयुक्त समितिको

निर्माण गर्ने र तल्लो तहबाट आएका निष्कर्षलाई कार्यान्वयन गर्न र गराउन भूमिका खेल्दै कार्यान्वयनका लागि निरन्तर अनुगमन गर्ने,

- योजना, बजेट, नीति तथा कार्यक्रम बनाउँदा तीन तहको समन्वय र सहकार्य गर्नुपर्ने। साझा चासो र हितको विषयमा तीन तहको बीचको सूचनाको आदान प्रदान गर्नुपर्ने । कुनै संघीय इकाईका असल अभ्यास सम्बन्धमा सहकार्य र समन्वय गर्नुपर्ने ।
- राष्ट्रिय गौरवको आयोजना छनौट, लागत, प्राप्त हुने उपलब्धी तथा उत्पादनमा वृद्धि, सामाजिक सांस्कृतिक रुपान्तरणमा पुर्याउने योगदान आदि विश्लेषण गरी आवश्यकता र औचित्यका आधारमा गर्नुपर्दछ । राष्ट्रिय गौरवको आयोजनाको बिसौं बर्षसम्म सम्पन्न नहुने, हरेक वर्ष लागत बढ्दै जाने प्रवृति अन्त्य हुनुपर्दछ, यसको लागि छुट्टै कानून हुनुपर्ने,
- संघीय संसदले पारीत गरेको बजेटमा सरकारले रकमान्तर गरी आफ्नो अनुकूल बजेट परिमार्जन गर्ने, कटौती गर्ने कार्यलाई पुनः संसदमा पेश गरेर अनुमोदन गर्नुपर्ने,
- राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग, राष्ट्रिय योजना आयोगले वित्तीय संघीयताका सन्दर्भमा दिएका सिफारिसहरू कार्यान्वयन भएका छैनन्। आयोजना छनोटमै तीन वटै तहका जनप्रतिनिधिलाई सहभागी गरी सहकार्य, समन्वय सह- अस्तित्वको सिद्धान्तलाई व्यवहारमा कार्यान्वयन गर्नुपर्ने,
- सरकारका विद्यमान अङ्ग र संस्थालाई बलियो बनाई सार्वजनिक सेवा प्रवाहलाई गुणस्तरीय र विधिसम्मत बनाउनुपर्ने,
- संघ, प्रदेश र स्थानीय तहको प्रभावकारी अन्तरसम्बन्ध र समन्वय कायम गर्नको लागि तत् तत् तहको सम्बन्धित मन्त्रालय/निकायबीच अन्तर्क्रिया हुनुपर्ने, विज्ञसँग छलफल गरी निष्कर्ष सहित निर्देशन दिनुपर्ने, संसदीय निगरानी/अध्ययन/विवरण माग गर्नुपर्ने, समन्वयकारी संयन्त्रको नियमित क्रियाशिलताको लागि निर्देशन दिनुपर्ने आवश्यक रहेको,
- संसद र संसदीय समितिको तर्फबाट बिभिन्न तहमा अन्रतकृया गरी समस्याहरू पहिचान गर्ने, सार्वजनिक महत्वका प्रस्ताव संकल्प प्रस्ताव मार्फत सभामा छलफल गरी सरकारलाई जवाफदेही बनाउने, शून्य समय, विशेष समयमा अन्तर तहगत विषयमा केन्द्रित भई प्रदेश तथा स्थानीय तहका सरोकारका विषयप्रति सरकारको ध्यानाकर्षण गरी सम्बन्धित मन्त्रीबाट जवाफ प्राप्त गर्ने । साझा अधिकार सूची लगायतका अन्य विषयमा आवश्यक ऐन (कानुन) निर्माणका लागि सरकारलाई निर्देशन दिने, आयोजना वर्गीकरणका मापदण्ड तय गरी Project Bank को अवधारणा प्रभावकारी रुपमा कार्यान्वयन गर्न निर्देशन दिने र संघीय निजामति सेवा ऐन पारित गरी स्थानीय तह तथा प्रदेशमा कर्मचारी प्रशासनलाई प्रभावकारी बनाउने,

- सुचना, साधन, स्रोत र विज्ञताको Sharing तीनवटै तहमा हुनु आवश्यक रहेको तर हाल त्यसको कमी रहेको, अधिकार, कार्यक्रम, बजेट कार्यान्वयनमा दोहोरापन (duplication) भएको र एउटै काम ३ वटै तहले गरेकोले हामीले जर्मनीको मोडेललाई पछ्याउनु आवश्यक रहेको, र कानुन अध्ययन अनुसन्धानको आधारमा (Research Based) तर्जुमा हुनुपर्ने,
- राष्ट्रिय सभाले संघीयता कार्यान्वयन अध्ययन अनुगमन विशेष समिति गठन गरेर सातवटै प्रदेशमा गएर अन्तर्क्रिया कार्यक्रम समेत गरेर ९९ बुँदे सिफारिस गरेको र प्रधानमन्त्रीले समेत सभामा आएर कार्यान्वयन गर्ने प्रतिवद्धता व्यक्त गर्नुभएकोले उक्त समितिको सिफारिस कार्यान्वयन गर्दा धेरै समस्या समाधान भएर जाने विश्वास रहेकोले सो सम्बन्धमा निरन्तर अनुगमन गर्नुपर्ने,
- संघीय आयोजनाले एक प्रदेश र अर्को प्रदेशबीच भौगोलिक रुपमा जोड्ने, बजेटको हिसाबले सीमा छुट्याईएको हुन्छ । संघले साना आयोजना सञ्चालन गर्नुहुदैन । बारम्बार सीमा तोकेर बजेट तर्जुमा कार्यान्वयन गर्न निर्देशन दिएतापनि सानो सानो रकमका आयोजना प्रदेश र स्थानीय तहमा संघले पठाएकोले केन्द्रिकृत मानसिकता परिवर्तन भएको छैन भन्ने पुष्टि भएको छ, त्यसतर्फ सुधार गर्नु आवश्यक रहेको,
- संविधान अनुरुप एकल अधिकार र साझा अधिकार कार्यान्वयन गर्नको लागि संघीय कानुनको धेरै आवश्यकता रहेको र उक्त कानुनहरु बनाउन ढिला भइसक्यो, राष्ट्रिय समन्वय परिषदको पहिलो बैठकमा संघीयता कार्यान्वयनका लागि अप्ठ्यारा परेका निजामती सेवा ऐन, जग्गा प्राप्ती सम्बन्धी ऐन, प्रहरी ऐन, शिक्षा ऐन र दोहोरिएका कानुनको सम्बन्धमा १/३/६ महिनाका लागि कार्य तालिका बनाएर कार्यान्वयन गर्ने सन्दर्भमा छलफल भएको र हेटौंडामा बसेको माननीय मुख्यमन्त्रीहरुको बैठक पश्चात संघीयता कार्यान्वयनका लागि उठाईएका सवालहरुमा १ महिनाभित्र कार्यान्वयन गर्ने प्रतिवद्धता प्राप्त भएपनि कार्यान्वयन नभएकोले सो तर्फ तत्काल ध्यान दिनु आवश्यक रहेको,
- हामीले गाउँ गाउँमा अधिकार पुर्याउने कुरा गर्यौं तर राजनीतिक र Bureaucratic तहमा मानसिकता चाहि केन्द्रिकृत रह्यो, साझा अधिकारका विषयमा कानून निर्माण गर्न र कार्यान्वयन गर्न तीनवटै तहको साझा संरचना निर्माण गर्नु आवश्यक देखिएको,
- संघीयता कार्यान्वयनको सम्बन्धमा भए गरेका निर्णयहरुको कार्यान्वयनको लागि स्पष्ट निर्देशन दिने र त्यसको अनुगमन गर्ने प्रणालीको विकास गर्दै अन्तरतह सम्बन्ध सुदृढिकरणका लागि संघीय संसद अन्तर्गत संयुक्त समितिको निर्माण गर्नु आवश्यक देखिएको आदि ।

# परिच्छेद -३

## तहगत अन्तर सम्बन्ध र समन्वय सम्बन्धी समस्या

### ३.१ समस्या :

तहगत राज्य संरचनाको विकासमा समन्वय तथा अन्तरसम्बन्ध सम्बन्धी विषयमा समितिले सातवटै प्रदेशमा गरेको छलफल तथा अन्तर्क्रिया, समितिको विभिन्न मितिमा भएको छलफल, समितिका आफ्नै अभ्यास र अनुभव लगायतलाई आधार मानी राजनीतिक संघीयता, वित्तिय संघीयता र प्रशासनिक संघीयता लगायतका विषयमा अन्तरसम्बन्ध, सहकार्य र समन्वयमा देखिएका मुख्य समस्याहरुः

- संघीय प्रणाली कार्यान्वयनको लागि तहगत अन्तरसम्बन्ध र समन्वय गर्न संविधानले परिकल्पना गरेको संरचना (अन्तर-प्रदेश परिषद) र संघ, प्रदेश तथा स्थानीय तह (अन्तरसम्बन्ध तथा समन्वय) ऐन, २०७७ ले परिकल्पना गरेका संरचनाहरु (राष्ट्रिय समन्वय परिषद, प्रदेश समन्वय परिषद, विषयगत समितिहरु र विशेष समिति) को परिचालन प्रभावकारी रुपमा हुन नसकेको र उक्त संरचनाका निर्णय, निर्देशन तथा सुझावहरु आंशिक रुपमा मात्र कार्यान्वयन हुने गरेकोले संस्थागत संरचना गठनको औचित्यता स्थापित गर्न नसकेको,
- प्रदेश तथा स्थानीय तहले साझा अधिकारको विषयमा कानून वनाउने, योजना तर्जुमा र कार्यान्वयन गर्ने सम्बन्धमा द्विविधा भएको, एकल अधिकारका सम्बन्धमा समेत दोहोरो वा तेहेरो पर्न गएका विषयमा कुन तहको के कस्तो जिम्मेवारी हुने भन्ने सम्बन्धमा स्पष्ट नभएको, तहगत सरकारका वीचमा नीतिगत एवम् कार्यगत समन्वय हुन नसकेको, संघीय नीति र कानून वमोजिम प्रदेश सभाले वनाएको कानूनले आर्थिक दण्ड तथा कैद सजाय गर्न नपाउने व्यवस्था गरेको सन्दर्भमा प्रदेश तथा स्थानीय तहलाई संविधानद्वारा प्रदत्त अधिकार कार्यान्वयनमा समस्या पर्ने अवस्था देखिएको,
- स्थानीय तहले कानून तर्जुमा गर्दा पुरा गर्नुपर्ने प्रक्रियाहरुका सम्वन्धमा प्रदेशस्तरबाट कानून वनाई लागू गरिएको भएपनि स्थानीय तहबाट कार्यान्वयन हुन नसकेको, तीन तहका सरकारका वीच पर्याप्त समन्वयको अभावमा एकल अधिकार अन्तगत दोहोरिएका विषय तथा साझा अधिकारका विषय सम्बोधन गर्न द्विविधा रहेका कारण शिक्षा, स्वास्थ्य, सहकारी, निजामती, प्रहरी, लोकसेवा आयोग लगायतका आधारभूत र महत्वपूर्ण विषयहरु सम्बोधन नभएको,

- प्रदेश र स्थानीय सरकारको अधिकार क्षेत्रमा सङ्घले हस्तक्षेप गरेको भन्ने गुनासाहरु प्राप्त भएको, स्थानीय तहमा सङ्घ र प्रदेशका नियम कानून र सर्कुलरहरु आउने गरेकोमा कुन मान्ने अन्योल हुने गरेको, कानूनमा दोहोरोपन बढेको र एकापसमा बाझिएको अवस्था समेत रहेको देखिन्छ,
- साझा अधिकार र एकल अधिकार सुची अन्तर्गतका विषयमा कानुन तर्जुमा गर्दा एक अर्कोलाई असर पर्ने विषयमा तीनवटै तहबीच पर्याप्त परामर्श र छलफलको अभाव रहेको, कानून तर्जुमा गर्दा सवै तहबाट पर्याप्त परामर्श र छलफलको अभाव रहेको, स्थानीय तहले कानून तर्जुमाको लागि संघ वा प्रदेशलाई अनुरोध गर्न सक्ने र प्रदेशले संघलाई अनुरोध गर्न सक्ने कानूनी व्यवस्था भएपनि हालसम्म त्यसप्रकारको अभ्यास उल्लेख्य मात्रामा हुन नसकेको, संघ, प्रदेश र स्थानीय तहले एउटै विषयमा बनाएको कानूनमा सामञ्जस्यता नदेखिएको,
- विकास आयोजना निर्माणमा तीन तहबीच आवश्यक समन्वय हुन नसकेको, विकास कार्यहरु संयुक्त रुपमा हुन नसकेको, साझा परियोजनाको अभ्यासको थालनी पर्याप्त मात्रामा नभएको, आयोजनाहरुमा दोहोरोपन हुने गरेको, साना तिना आयोजनाहरु समेत संघ र प्रदेशबाट सञ्चालन हुने गरेको, साना, साना आयोजनाका लागि पनि सशर्त अनुदान संघ र प्रदेशवाट स्थानीय तहमा वितरण गर्दा आयोजनाको कार्यसम्पादन प्रभावित हुने गरेको र आयोजनाको वर्गिकरण मापदण्ड स्पष्ट नहुँदा स्रोतको सही सदुपयोग गर्न नसकिएको,
- सशर्त अनुदान लक्ष्य र कार्यक्रम तोकेर पठाउनु पर्नेमा शीर्षक तोकेर पठाउने गरेको हुँदा प्रादेशिक एवम् स्थानीय आवश्यकता अनुसार भन्दा पनि केन्द्रको शीर्षक अनुसार कार्यान्वयन गर्नुपर्ने वाध्यात्मक अवस्था रहेको, संघ, प्रदेश र स्थानीय तहका आयोजनामा स्थानीय जनसहभागिताको मापदण्ड फरक फरक रहेको हुँदा समान प्रकृतिको आयोजनाहरु एकिकृत रुपमा कार्यान्वयन गर्न समस्या हुने गरेको,
- सिमानाका नदीहरुबाट प्राप्त श्रोतहरुको उपयोगमा आउने गरेका विवादहरु, सामुदायिक बन र नदीजन्य बस्तुहरुको प्रयोगका सम्बन्धमा हुने गरेका विवाद, गरिवी निवारण, भूमिहिनको समस्या, प्राकृतिक प्रकोप व्यवस्थापन जस्ता विषयहरुमा संघको निर्देशन पर्खनुपर्ने अवस्था रहेको र समन्वयको अभावमा प्रदेश र स्थानीय तहमा काम गर्न कठिनाई रहेको, संघ र प्रदेशका मन्त्रालयहरुले स्थानीय तहसंग साझेदारी नगरी आफैं स्वायत्त काम गर्ने प्रवृत्ती कारण आवश्यक समन्वय हुन नसकेको भन्ने गुनासाहरु प्राप्त भएको,
- कर्मचारी समायोजन सम्बन्धमा देखिएको समस्या हालसम्म समाधान नभएको, स्थानीय तहको प्रमुख प्रसाशकीय अधिकृत संघको कर्मचारी हुने गरेको र ति कर्मचारीको सरुवा र बढुवा गर्दा

सम्बन्धित स्थानीय तहको  जानकारी बिना हुने गरेको हुँदा काममा बाधा पर्ने गरेको, एकजनाले योजना तर्जुमा गर्ने र अर्कोले कार्यान्वयन गर्ने गर्दा स्पष्टता नआउने गरेको। पद र अनुभवमा आधारमा कनिष्ठ कर्मचारीको मातहतमा काम गर्नुपर्दा पदसोपान पालनामा कठिनाइ आउने गरेको, वृत्ति विकासमा एकरुपता नहुँदा कर्मचारीहरु कामप्रति उत्प्रेरित हुन नसकेको,

- तहगत सरकारबीचस्रोत साधनको बाँडफाँडमा समेत समन्वय हुन नसकेको, ढुंगा, गिटी वालुवा लगायतका प्राकृतिक स्रोत साधन परिचालनमा संघ, प्रदेश र स्थानीय तहका सरकारहरुवीच समन्वय हुन नसकेको,
- संघबाट प्रदेश र स्थानीय तह तथा प्रदेशबाट सम्बन्धित स्थानीय तहको लागि दिने ४ प्रकारका अनुदानहरुको मापदण्डका आधारहरु वैज्ञानिक र व्यवहारिक नभएको, संघबाट प्राप्त समपूरक वजेटमा स्थानीय तहले योगदान गर्नुपर्ने भएकोमा स्थानीय तहसँग वजेटको अभाव हुँदा कतिपय स्थानीय तहहरु बजेटवाट वञ्चित हुनु परेको।

# परिच्छेद-४

# निष्कर्ष तथा सुझावहरु

## ४.१ निष्कर्ष

संघीय शासन प्रणाली अवलम्बन गरेका मुलुकहरुको शासन प्रणालीलाई दिगो र प्रभावकारी बनाउन संघीय संरचनाका तहहरुबीच सहकार्य, सहअस्तित्व र समन्वय अपरिहार्य हुन्छ । नेपालको संविधानले पनि यही कुरा मनन गरी तीन तहबीचको अन्तरसम्वन्ध सहकारिता, समन्वय र सहअस्तित्वको सिद्दान्तमा आधारित हुने भन्ने व्यवस्था गरेको छ ।

नेपालको संविधानले राज्यशक्तिलाई तीन तहमा विभाजन गरी राष्ट्रिय महत्व र अन्तर्राष्ट्रिय सम्बन्धका विषयहरुमा संघले कार्य गर्ने, कार्य गर्दा संघले राष्ट्रिय नीति, नर्मस् र मापदण्ड निर्धारण गर्ने, संवैधानिक सीमाभित्र प्रदेश र स्थानीय तहले आफ्नो अधिकार प्रयोग गर्दा संघले हस्तक्षेप र अतिक्रमण नगर्ने, संघकै अधिकारक्षेत्रभित्रका विषयहरु पनि कार्यन्वयनको दृष्टिले प्रदेश र स्थानीय तहबाट गर्दा लागत, दिगोपन, सेवा प्रवाहको प्रभावकारिता हुने भएमा प्रदेश र स्थानीय सरकारलाई सुम्पन सक्ने, प्रदेश र स्थानीय तहसँग विभिन्न विषयमा समन्वय र परामर्श गर्ने, राष्ट्रियस्तरका, राष्ट्रिय महत्वका विषय, जटिल प्राविधिक क्षमताका, ठूलो लगानी आवश्यक पर्ने आयोजना संघले गर्ने गरी अधिकार प्रयोगमा दोहोरोपन नहुने गरी गर्न कानुनले आधारहरु निर्धारण गरेको छ ।

नेपालको शासन व्यवस्थाभित्र तीन तहमा स्थानीय तहबाहेक अन्य दुई तहमा शक्तिपृथकीकरणको सिद्दान्तको असरण भएको छ भने स्थानीय तहलाई सेवा प्रवाह तहको रुपमा स्वीकारी सरकारका तीनै अंगले गर्ने कार्यको जिम्मेवारी प्रदान गरिएको छ । यद्दपि यी तिनै तहबीचको सुमधुर समन्ध भएमा मात्र संघीय शासन प्रणाली सवल हुने कुरा निश्चित छ जुन कुरा संवैधानिक तथा कानूनी रुपमा अंगीकार गरिएको पनि छ ।

नेपालको संघीयताको नयाँ अभ्यासमा सहयोगात्मक संघीयताको आधारभूत मान्यतालाई आत्मसात गरेको छ । सोही अनुरुप नै संवैधानिक रुपमा संघ, प्रदेश र स्थानीय तह बीचको अन्तरसम्बन्ध, सहकारिता, सहअस्तित्व, समन्वय र पारस्परिक सहयोगको आधारमा व्यवस्थित गर्ने उदेश्यले बनाइएको संघ, प्रदेश र स्थानीय तह (समन्वय तथा अन्तरसम्बन्ध) ऐन, २०७७ कार्यान्वयनमा रहेको छ ।

## ४.२ नेपाल सरकारको लागि सुझाव

तहगत राज्य संरचनाको विकासमा समन्वय तथा अन्तरसम्बन्ध सम्बन्धी विषयमा समितिले सातवटै प्रदेशमा गरेको छलफल तथा अन्तर्क्रिया, समितिको विभिन्न मितिमा भएको छलफल, समितिका आफ्नै अभ्यास र अनुभव लगायतलाई आधार मानी राजनीतिक संघीयता, वित्तिय संघीयता र प्रशासनिक संघीयतामा आवश्यक सुधार गर्दै संघ, प्रदेश र स्थानीय तहबीच तेर्सो सम्बन्ध कायम गर्न समन्वय, सहकारीता र सहअस्तित्वको सिद्धान्तमा आधारित रहेर अगाडी बढ्नको लागि तल उल्लिखित शिर्षकहरुमा बिभाजन गरी देहायबमोजिम सुझाव दिइएको छ ।

### ४.२.१ संस्थागत संरचनाको प्रभावकारिता

- संघीयताको सवलीकरण गर्न संघ, प्रदेश र स्थानीय तहले समन्वय, सहकारीता र सहअस्तित्वको सिद्धान्तमा आधारित रहेर आ-आफ्नो अधिकार क्षेत्र अन्तर्गत रही कार्यसम्पादन गर्ने एवं संघीय सरकार अन्तर्गतका विषयगत मन्त्रालयबीच समन्वय प्रभावकारी बनाउने,
- राष्ट्रिय समन्वय परिषद्को भूमिकालाई थप प्रभावकारी बनाई अन्तर प्रदेश परिषद, प्रदेश समन्वय परिषद, विषयगत समितिहरु र विशेष समिति जस्ता समन्वयकारी संरचनालाई प्रभावकारी रुपमा परिचालन गर्न नियमित बैठकहरु सञ्चालन गरी बैठकका निर्णयहरु यथासिघ्र र प्रभावकारी रुपमा कार्यान्वयन गर्ने ब्यवस्था मिलाउने,
- जिल्लामा संचालित आयोजनाहरुको अनुगमन मुल्यांकन जिल्ला समन्वय समिति मार्फत गर्ने र यसको प्रभावकारीता बढाउन आवश्यक जिम्मेवारी र श्रोत साधनको ब्यवस्था गर्नुपर्ने,
- संघ, प्रदेश र स्थानीय तहले अर्कोतहको अधिकार क्षेत्रसँग समानान्तर हुनेगरी एकै प्रकृतिको कार्यालयहरु खोलेर प्रशासनिक खर्चको भार बढेको, काममा कतै दोहोरो र तेहेरो त कतै काम नै नहुने गरेको विषयलाई अन्त्य गर्न, संघका अनावश्यक संरचना हटाउन आवश्यकता र औचित्यका आधारमा संस्थागत संरचनाको पूनरावलोकन गर्नुपर्ने,
- स्थानीय सरकारमा विद्यमान रहेको संरचनाको दोहोरो पर्ने गरी संघीय सरकारको कृषि, पशु, वन र शिक्षा जस्ता कार्यालयहरु स्थानीय तहको संरचना भित्र राखिएकोले कार्यालयमा रहेको दोहोरोपन हटाउनु पर्ने,
- साझा चासो र हितको  विषयमा सुचना, साधन, स्रोत र विज्ञताको आदान प्रदान गर्ने,
- संघ, प्रदेश तथा स्थानीय तहबीच सहभागितामूलक योजना तर्जुमा, कार्यान्वयनमा समन्वय कायम गर्न एकीकृत सूचना व्यवस्थापन प्रणाली लागू गर्नुपर्ने,

- संघ, प्रदेश तथा स्थानीय तहले सन्चालन गर्ने आयोजनाको वर्गीकरण सम्बन्धी मापदण्ड वस्तुगत आधारमा तयार गरी कार्यान्वयन गर्नुपर्ने,
- तहगत सरकारका अधिकारका कतिपय विषयहरु दोहोरो, तेहेरो पर्न गएकोले कार्य जिम्मेवारीमा प्रष्टता ल्याउन कार्य विस्तृतीकरणमा पुनरावलोकन कार्य भई रहेकोले तहगत अधिकारको विषयलाई थप प्रष्ट पारी यथासिघ्र कार्यान्वयनमा ल्याउने ।

### ४.२.२ कानून तर्जुमा

- साझा अधिकारका विषयमा कानून निर्माण गर्दा तीनवटै तहवीच छलफल, राय, सुझाव लिनुपर्ने । संघीयता अनुकुल बनाउन बाँकी कानुनहरु निर्माण गर्ने र साझा अधिकार तथा अवशिष्ठ अधिकार प्रयोगको मापदण्ड तथा आवश्यक कानून संघबाट निर्माण गर्ने,
- कानून तर्जुमा, योजना तर्जुमा, आयोजना निर्माण र कार्यान्वयनमा तलदेखि माथिसम्म लग्ने मोडल Bottom to top model अवलम्वन गरी एक अर्का तहबीच समन्वय र सहकार्य गर्ने सहभागीतामुलक पद्दतीको अवलम्बन गर्नुपर्ने,
- स्थानीय तहमा कानून तर्जुमामा एकरुपता नभएको, नमुना कानूनको हुबहू नक्कल गर्ने गरिएको देखिएकोले एकरुपताको लागि कानून तर्जुमा दिग्दर्शन निर्माण गरी कार्यान्वयन गर्ने,
- एकल अधिकार माथी हस्तक्षेप नहुनेगरी कानून तर्जुमा गर्नुपर्ने,
- संविधान बमोजिम प्रदेश र स्थानीय तहबाट बनेका कानूनहरुको समेत उत्तर विधायिकी परिक्षण गर्नुपर्ने,
- संघीय निजामती सेवा सम्बन्धी विधेयक तत्काल संघीय संसदमा पेश गर्ने,
- सार्वजनिक खरिद ऐन समय सापेक्ष नभएको, योजना कार्यान्वयनमा बाधक रहेको जस्ता गुनासाहरु प्राप्त भएकोले उक्त ऐन संशोधनको प्रकृया अविलम्ब अगाडी बढाउनु पर्ने,
- हालको कानून बमोजिम जमिन स्थानीय तहको, जंगल प्रदेशको र रुख संघ सरकारको भएको छ भन्ने जनगुनासोलाई सम्बोधन गर्न भूमि र वनजंगलको सदुपयोगको साझेदारी स्थानीय र प्रदेश तहलाई समेत गराउन आवश्यक कानूनी व्यवस्था गर्ने,
- कम्पनी रजिष्ट्रारको कार्यालय समेत प्रदेशमा नभएका कारण काम हुन नसकिरहेको, लाईसेन्स छपाईको काम प्रभावकारी हुन नसकिरहेको, प्रदेश र स्थानीय तहले आफ्नै मुलुकभित्र आवत जावतमा समेत काठमाण्डौबाट अनुमती लिनुपर्ने आवश्यकता रहेको (उदाहरणको लागि

माथिल्लो मुस्ताङ्ग) जस्ता गुनासो समितिमा आएकोले ति विषयहरुमा विषयहरुमा राष्ट्रिय समन्वय परिषदमा छलफल गरी कार्य विस्तृतीकरण परिमार्जनबाट सुधार गर्नुपर्ने,

- राष्ट्रिय गौरवको आयोजना तथा रुपान्तरणकारी आयोजनाहरु सम्बन्धी छुट्टै कानून तर्जुमा गरी संघीय संसदमा पेश गर्नुपर्ने,
- राष्ट्रिय निकुञ्ज, संरक्षित तथा आरक्ष क्षेत्र र वन क्षेत्रसँग सम्बन्धित विद्यमान कानुनको तत्काल संशोधन गर्नुपर्ने,
- निजामती सेवा ऐन, जग्गा प्राप्ती सम्बन्धी ऐन, प्रहरी ऐन, शिक्षा ऐन, कृषि ऐन, स्वास्थ्य ऐन, राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु सम्बन्धी ऐन जस्ता आधारभूत विषयमासमेत कानून बन्न बाँकि रहेकोले कार्य तालिका बनाएर उक्त विधेयकहरु तर्जुमा गरी संघीय संसदमा पेश गर्नुपर्ने ।

### ४.२.३ वित्तीय संघीयता

- राष्ट्रिय प्राकृतिक श्रोत तथा वित्त आयोगले राजस्व बाँडफाँड र वित्त हस्तान्तरणमा प्रयोग गर्दै आएको आधार र सूत्रको अभ्यास गरेको ५ वर्ष पुगिसकेकोले उक्त सूत्रलाई परिमार्जन गर्नुपर्ने, राष्ट्रिय प्रकृतिक स्रोत तथा वित्त आयोग, प्रदेश र स्थानीय तहबीच समन्वय गरी स्रोतको न्यायोचित वितरण गर्ने,
- प्रदेश तथा स्थानीय तह विकासको आधारस्तम्भ भएकाले स्रोत, साधन स्थानीय तहमा वृद्धि गर्नुपर्ने, शसर्त अनुदानको आकारलाई विस्तारै कटौती गरी समपूरक र समानीकरण अनुदानलाई वृद्धि गर्नुपर्ने,
- संघबाट प्रदेश र स्थानीय तहको लागि र प्रदेशबाट स्थानीय तहको लागि दिइने ४ प्रकारका अनुदानको मापदण्ड, आधार, समय र मात्रा बैज्ञानिक र व्यवहारिक नभएको देखिएकोले आवश्यकता र समय अनुसार उक्त बजेट बिनियोजनको बैज्ञानिक मापदण्ड बनाई तत्काल कार्यान्वयन गर्नुपर्ने,
- वित्तीय संघीयताको आधारको रुपमा रहेको करको दायरा फराकिलो बनाउने,
- सशर्त अनुदान (बल्क विनियोजन भन्दा फरक हस्तान्तरण) लाई संविधान र कानुन अनुकुल बनाउनु पर्ने
- प्राकृतिक स्रोतको रोयल्टी बाँडफाँडलाई समन्यायिक बनाउन कानुन तर्जुमा गर्नुपर्ने,
- संघ, प्रदेश र स्थानीय तहको खर्च जिम्मेवारीम थप प्रस्टता हुनुपर्ने देखिएकोले संघ प्रदेश र स्थानीय तहले सम्पादन गर्ने कार्यहरुको मानक स्थापित गर्नुपर्ने,

- आयोगले वित्तीय हस्तान्तरणको सुत्र Secondary Data मा आधारित भई तयार गर्ने हुनाले अन्तर सरकारी वित्तीय हस्तान्तरणलाई समन्यायिक वस्तुगत र यथार्थपरक बनाउन स्थानीय तसम्मको खण्डीकृत स्तरीकृत र अद्यावधिक (Disaggregated Standardized and Updated) तथ्याङ्क प्रणालीको विकास गर्नुपर्ने ।

### ४.२.४ योजना तर्जुमा र आयोजना निर्माण तथा कार्यान्वयन

- आयोजना वर्गिकरण मापदण्डको आधारमा संघ, प्रदेश र स्थानीय तहले दोहोरोपन नहुने गरी कार्यान्वयन गर्न बजेट सिमा निर्धारण गर्ने,
- संघकै अधिकारक्षेत्रभित्रका विषयहरु पनि कार्यन्वयनको दृष्टिले प्रदेश र स्थानीय तहबाट गर्दा लागत, दिगोपन, सेवा प्रवाहको प्रभावकारिता हुने भएमा प्रदेश र स्थानीय सरकारलाई सुम्पने ब्यवस्था मिलाउने,
- संघबाट स्थानीय तहमा संचालन गरिने आयोजनाको अनुगमनमा समेत पालिकाको अनिवार्य सहभागिता गराउने। पालिकाको योजनामा समावेश भएको कार्यक्रमपछि थाहानै नपाई केन्द्रबाट कटौती हुँदा समस्या सिर्जना हुने गरेकोले संघ र प्रदेशबाट त्यस प्रकारको हस्तक्षेप बन्द गरिनु पर्ने, स्थानीय तहमा संघ र प्रदेशको आयोजनामा पनि तीनै तहको अनुगमनको संयन्त्र निर्माण गर्नु आवश्यक रहेको,
- आयोजनाको आकार र मापदण्डमा स्पष्टता नभएको, राष्ट्रिय गौरवका आयोजना वा अन्य आयोजनाबीच फरक छुट्टाउन कठिन हुने अवस्था सिर्जना भएको, राष्ट्रिय योजना आयोगले तय गरेको मापदण्ड प्रकावकारी रुपमा कार्यान्वयन हुन नसकेको पाईएको, निकै सानो आकारका योजनासमेत संघ र प्रदेशले स्थानीय तहमा तर्जुमा गर्ने गरेको, र कतै योजनानै योजना पर्ने र कतै योजना नै नपर्ने अवस्था श्रृजना भएकोले योजना तर्जुमा, बजेट बिनियोजन र कार्यान्वयनमा तलदेखि माथिसम्म जाने Bottom to top प्रणालीलाई प्रकारकारी रुपमा कार्यान्वयन गर्नुपर्ने,
- तीनवटै तह र मन्त्रालयबाट सामाजिक विकास, मानवीय विकासका कार्यलाई तथा पूर्वाधार विकासलाई समन्वयात्मक रुपमा लैजानु पर्ने,
- योजना तथा आयोजनाको आवश्यकता र औचित्यको आधारमा बजेट सिलिङ र कार्यान्वयनको तहगत ढाँचा निर्माण गर्दै प्रदेश र स्थानीय तहको आयोजना र योजना तर्जुमामा दोहोरोपना हुन नदिन LMBIS प्रणालीले नियन्त्रण गर्ने प्रणाली र संयन्त्रको एकीकृत व्यवस्था हुनुपर्ने ।

### ४.२.५ प्रशासन सुधार

- संघलाई छिटो छरितो, चुस्त दुरुस्त बनाउने र प्रदेश र स्थानीय तहलाई आवश्यक सहयोग गर्ने गरि उच्चस्तरीय प्रसाशन सुधार आयोगको गठन गरी प्रसाशनिक संघीयताको कार्यान्वयन गर्ने,
- प्रदेश निजामती सेवाका कर्मचारी प्रदेशको सचिव भएर सेवा गर्न पाउने व्यवस्था गर्ने,
- संघीय सरकारले प्रदेश र स्थानीय तहमा खटाउने तथा सरुवा हुने कर्मचारी प्रदेश मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयमा जानकारी हुने गरि खटनपटन गर्नुपर्ने,
- प्रमुख प्रशासकिय अधिकृत स्थानीय तहको आफ्नै सेवाको कर्मचारी हुनुपर्छ भन्ने गुनासो स्थानीय तहबाट प्राप्त भएकोले अब बन्ने संघीय निजामती सेवा ऐनमा सो विषयमा ध्यान दिनु आवश्यक रहेको।

### ४.२.६ अन्य सुझावहरु

- संघीयता कार्यान्वयन सम्बन्धी नेपाल सरकारले गर्न बाँकी कामको लगत बनाई कार्ययोजना निर्माण गर्ने,
- राष्ट्रिय सभाले संघीयता कार्यान्वयन अध्ययन अनुगमन विशेष समिति गठन गरेर सातवटै प्रदेशमा गएर अन्तर्क्रिया कार्यक्रम समेत गरेर ९९ बुँदे सिफारिस गरेको र प्रधानमन्त्रीले समेत सभामा आएर कार्यान्वयन गर्ने प्रतिवद्धता व्यक्त गर्नुभएकोले उक्त समितिको सिफारिस प्रभावकारीरुपले कार्यान्वयन गर्ने,राष्ट्रिय सरोकार तथा समन्वय समितिले संघीयता कार्यन्वयन सम्बन्धमा समय समयमा दिएको सुझाव तथा निर्देशनको प्रभावकारी कार्यान्वयन गर्ने,
- योजना, बजेट, नीति तथा कार्यक्रम बनाउँदा तीन तहको समन्वय र सहकार्य गर्ने,
- संघीयता कार्यान्वयनको सम्बन्धमा भए गरेका कामकारवाहीको अनुगमन र अन्तरतह सम्बन्ध सुदृढिकरणका लागि संघीय संसद अन्तर्गत संयुक्त समितिको निर्माण गर्ने,
- प्रदेश तथा स्थानीय तहले आफुलाई आवश्यक पर्ने एकल अधिकार सुचिमा रहेका विषयमा निर्वाध रुपमा कानून तर्जुमा गर्ने र साझा सुचीमा रहेका विषयमा समेत अति आवश्यक परेका विषयमा आवश्यकता अनुसार संघ र स्थानीय तहसंगको परामर्श र समन्वयमा कानून निर्माण गरी कार्यान्वयन गर्ने,

- प्रदेश तथा स्थानीय तह (अन्तरसम्बन्ध तथा विवाद समाधान) सम्बन्धी कानून निर्माण नभएका प्रदेशहरुले सो सम्बन्धी कानून यथासिघ्र निर्माण गर्ने,
- सार्वजनिक सेवा प्रवाह छिटो छरितो र समयमै उपलब्ध गराउने व्यवस्था गर्ने,
- कर्मचारीको कार्यसम्पादनको आधारमा पुरस्कार र दण्ड गर्ने व्यवस्था कार्यान्वयन गर्ने,
- प्रदेश र स्थानीय तहबाट बनेका कानूनको एक एकप्रति प्रदेश सरकार र नेपाल सरकारमा बुझाउनु पर्ने,
- स्थानीय तहमासमेत योजना तर्जुमा गर्दा प्रदेश र संघीय सरकारसंग समन्वय र सहकार्य गर्नुपर्ने, साझा रुपमा दुई वा बढी स्थानीय तहबीच योजना तर्जुमा र कार्यान्वयन गर्न सक्ने वा प्रदेश र संघसंग समेत साझा परियोजना सञ्चालन गर्न सक्ने कानूनी व्यवस्था कार्यान्वयनतर्फ ध्यान दिनुपर्ने,
- संघ र प्रदेशबाट बन्ने कानून, योजना र बजेट बिनियोजनका समयमा स्थानीय तहले आवश्यक परामर्श तथा सुझावहरु समयमा दिनुपर्ने।

## ४.३ प्रदेश सरकारको लागि सुझाव

क .प्रदेश तहबाट बनेका कानूनको यथासिघ्र उत्तर बिधायिकी परिक्षण गर्ने र कानून कार्यान्वयन भए नभएको सम्बन्धमा अध्ययन गरी प्रभावकारी कानून कार्यान्वयनको व्यवस्था मिलाउने,

ख. कानून तर्जुमा, आयोजना निर्माण, बजेट बिनियोजन लगायतका विषयमा स्थानीय तह र अन्य सरोकारवाला संगको परामर्श र सहभागीतामा गर्ने,

ग. स्थानीय तहको लागि कानून तर्जुमाका लागि प्राविधिक सहयोग उपलव्ध गराउने,

घ. दुई वा सो भन्दा बढी स्थानीय तह, प्रदेश प्रदेश र प्रदेश तथा संघीय सरकारसंग साझा परियोजनाको पहिचान र सञ्चालनमा जोड दिने,

ङ. आफुलाई आवश्यक पर्ने एकल सुचिमा रहेका विषयमा निर्वाधरुपमा कानून तर्जुमा गर्ने र साझा सुचीमा रहेका विषयमासमेत अति आवश्यक परेका विषयमा कानून तर्जुमा गर्न संघ, प्रदेश र स्थानीय तह (अन्तरसम्बन्ध तथा समन्वय) ऐनले मार्ग खुला गरेका कारण आवश्यकता अनुसार संघ र स्थानीय तहसंगको परामर्श र समन्वयमा कानून निर्माण गरी कार्यान्वयन गर्ने,

च .प्रदेश तथा स्थानीय तह (अन्तरसम्बनध तथा विवाद समाधान) विधेयक तर्जुमा गरी (गण्डकी र सुदुरपश्चिम प्रदेश बाहेक) यथासिघ्र कानून निर्माण गर्ने,

छ. प्रदेश समन्वय परिषदको नियमित बैठक बसी प्रदेश र स्थानीय तहबीच देखा परेका समस्या समाधान गर्दै आवश्यक समन्वय र सहकार्य गर्ने,

ज. योजना आयोगका् मापदण्ड बमोजिम स्थानीय तहसंगको समन्वयमा योजना तर्जुमा गरी कार्यान्वयन गर्ने,

झ. कर्मचारी ब्यवस्थापनका सम्बनधमा प्रदेश लोकसेवा आयोगसंगको परामर्शमा आवश्यकता र क्षमताका आधारमा नियुक्त गरी संघीय निजामती सेवा ऐन विधेयक तर्जुमाका लागि आवश्यक सहयोग गर्ने, आफूसँग सरोकार भएको विषयमा संघीय संसदमा बिचाराधिन रहेका विधेयकहरुमा वेवसाईटबाट हेरी आफ्ना सुझावहरु दिने,

ञ. स्थानीय तहमा प्रदेशको तर्फबाट बनेका कार्यालयको दोहोरोपन हटाउनुपर्ने, प्रदेश सरकारले आफ्नो प्रदेश अन्तर्गतका पालिकासंग सहकार्य गरेर प्रमुख विकासका ऐजेण्डा के के हुन सक्छ? प्रदेशभित्रका क्षेत्रीय सन्तुलनलाई कसरी प्रभावकारी बनाउने र सबैलाई सामनजस्य र समविकासको अवधारणा अनुरुप जाने गरेर प्रदेश सरकार र पालिका बीच छलफल गर्ने,

ट. प्रदेश र स्थानीय तहको आयोजना र योजना तर्जुमामा दोहोरोपना हुन नदिन LMBIS प्रणालीले कन्ट्रोल गर्ने प्रणाली र संयन्त्रको एकीकृत व्यवस्था हुनुपर्ने।

## ४.४ स्थानीय तहको लागि सुझाव

क. स्थानीय तहले तर्जुमा गर्ने कानूनको लागि आवश्यक कार्यविधि प्रदेश कानूनबमोजिम हुने संवैधानिक ब्यवस्था भएको र सवैजसो प्रदेश सभाबाट उक्त कार्यविधि तर्जुमा भएपनि स्थानीय तहबाट उक्त कार्यविधिको आधारमा कानून तर्जुमा नगरी अन्यत्रबाट नक्कल गरेको, कानून निर्माणमा निकै कम मात्रामा सहभागीतामुलक कानून निर्माणको अभ्यास गरेको पाइएकोले आवश्यक सुधार गर्न,

ख. स्थानीय तहबाट बनेका कानूनको एक एक प्रति प्रदेश सरकार र नेपाल सरकारमा बुझाउनु पर्ने कानूनी ब्यवस्थाको अभ्यास कमै मात्र भएकोले उक्त अभ्यास गर्न,

ग. स्थानीय तहमासमेत योजना तर्जुमा गर्दा प्रदेश र संघीय सरकारसंग समन्वय र सहकार्य गर्नुपर्ने, साझा रुपमा दुई वा बढी स्थानीय तहबीच योजना तर्जुमा र कार्यान्वयन गर्न सक्ने वा प्रदेश र

संघसंग समेत साझा परियोजना सञ्चालन गर्न सक्ने कानूनी ब्यवस्था भएपनि त्यसतर्फ खासै अभ्यास हुन नसकेको पाइएकोले त्यसतर्फ ध्यान दिन,

घ. संघ र प्रदेशबाट बन्ने कानून, योजना र बजेट बिनियोजनका समयमा आफ्नो तर्फबाट आवश्यक परामर्श तथा सुझावहरु पर्याप्त नहुने र पछि आलोचना गर्ने पद्दतीको अन्त्य गर्दै समयमा आफ्ना सुझावहरु राख्न,

ङ. आफुले तर्जुमा गरेका कानूनको उत्तर विधायिकी परिक्षण र कार्यान्वयनको अवस्थाको अनुगमन गरी संघ र प्रदेशबाट आवश्यक सहयोग तथा परामर्श माग्न,

च. स्थानीय तहसमेत सहभागी हुने अन्तर प्रदेश परिषद, राष्ट्रिय समन्वय परिषद, विषयगत समिति र प्रदेश समन्वय परिषदका बैठक तथा निर्णय कार्यान्वयनमा सहयोग तथा सहजीकरण गर्न, आदि।

अन्त्यमा, संविधान र संघीयताको कार्यान्वयनको लागि तीनै तहबीच समन्वय, सहकार्य र सहअस्तित्वको सिद्धान्त अवलम्बन एवम् तत् तत् तहबाट आ- आफ्नो भुमिका निर्वाह गर्दै अन्तरमन्त्रालय समन्वय कायम गर्नुपर्ने, संघ, प्रदेश र स्थानीय तहबिच समन्वय गर्न कानूनमा भएका व्यवस्थाको कार्यान्वयनको पाटोलाई प्रभावकारी बनाउनुपर्ने, संघीय व्यवस्थालाई सुदृढ गर्न तीनै तहले सार्थक प्रयास गर्दै छिटो छरितो तथा गुणस्तरीय सार्वजनिक सेवा प्रवाह उपलब्ध गराउनु पर्ने, तब मात्र संघीयताको प्रभावकारी रुपमा कार्यान्वयन हुने देखिन्छ।

**अनुसुची -१**

प्रदेशस्तरमा सञ्चालन गरिएका कार्यक्रमहरुको विवरण यस प्रकार रहेको छः-

| सि. नं. | कार्यक्रम स्थान | मिति | कार्यपत्र प्रस्तुतकर्ता | प्रमुख अतिथि |
|---|---|---|---|---|
| १ | बिराटनगर | २०८०/०७/१८ | -मा.दिल कुमारी रावल थापा (पार्वती)<br>-श्री काशीराज दाहाल | |
| २ | जनकपुर | २०८०/०४/२७ | -मा.दिल कुमारी रावल थापा (पार्वती)<br>- अधिवक्ता मोहनलाल आचार्य | |
| ३ | ललितपुर | २०८०/०४/१७ | -मा.दिल कुमारी रावल थापा (पार्वती)<br>-श्री मोहनलाल आचार्य | राष्ट्रिय सभाका सम्माननीय अध्यक्ष गणेश प्रसाद तिमिल्सिना |
| ४ | पोखरा | २०८०/०९/२८ | -मा.दिल कुमारी रावल थापा (पार्वती)<br>-श्री काशीराज दाहाल | माननीय मुख्यमन्त्री सुरेन्द्रराज पाण्डे गण्डकी प्रदेश |
| ५ | भालुवाङ | २०८०/०५/०२ | -मा.दिल कुमारी रावल थापा (पार्वती)<br>-श्री काशिराज दाहाल | |
| ६ | सुर्खेत | २०८०/०५/२५ | -मा.दिल कुमारी रावल थापा (पार्वती)<br>-श्री काशीराज दाहाल | राष्ट्रिय सभाका माननीय उपाध्यक्ष उर्मीला अर्याल |
| ७ | धनगढी | २०८०/०८/२५ | मा.दिल कुमारी रावल<br>अधिवक्ता मोहनलाल आचार्य | |